वर्ष : १७, अंक : ४०, काठमाडौं, २०७८ माघ ७ गते शुक्रबार, 21 January 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

# १५ वर्षे मधेश आन्दोलनको उपलब्धि मधेश प्रदेश !

## शब्दले मात्र मधेशीको मर्मलाई प्रतिविम्बित गर्दैन

मधेशवाणी डेस्क

काठमाडौं । माघ ५ गते मधेशले बलिदानी दिवस मनाएको छ । त्यसको ठिक दुई दिन अघि अर्थात् माघ ३ गते प्रदेश २ ले 'मधेश' नाम पाएको छ ।

ठीक १५ वर्षअगाडि २०६३ माघ ५ गते सिरहाको लहानबाट मधेश आन्दोलनको सुरुआत भएको थियो । सो आन्दोलनमा मधेशका लागि सहादत दिने पहिलो सहिद बनेका थिए, रमेश महतो । महतोले सहादत प्राप्त गरेसँगै मधेश आन्दोलन चर्किएको थियो । सो दिन नेपालको इतिहासमा खासगरी मधेशी जनताको मानसपटलमा बलिदानी दिवसको रुपमा दर्ज भएको छ ।

माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलन नेपाललाई संघीय मुलुकमा रुपान्तरण गर्न कोसेढुंगा साबित भयो । बितेको १५ वर्षमा मधेस र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ । मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मान नै मधेश आन्दोलनको सन्देश हो ।

यसले नेपालको राजनीतिमा नवीन युगको सूत्रपात गरेको छ, जसमा उत्पीडित र सीमान्तकृत समुदायको प्रतिरोधको राजनीतिले नयाँ उचाइ र नयाँ आत्मविश्वासका साथै मुलुकले संघीय स्वरुप प्राप्त गरेको हो ।

२१ दिनसम्म चलेको मधेश विद्रोहमा ५४ जना सहिद भए । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुईपटक जनताको नाममा सम्बोधन गरेपछि विद्रोह रोकियो । प्रदर्शन रोकिएको महिनौंपछि सरकारले उपेन्द्र यादव नेतृत्वको फोरमसँग २२ बुँदे सम्झौता गऱ्यो ।

दोस्रो संविधान सभाबाट संविधान जारी गर्न लाग्दा तेस्रो मधेश आन्दोलन भयो ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेतृत्वमा तयारीका साथ तेस्रो मधेश आन्दोलन भएको थियो । प्रदर्शनकारीहरु ठूलो संख्यामा मारिन थालेपछि प्रदर्शनकारीहरुले




नेपाल-भारतको सीमा क्षेत्रमा बसेर नाका अवरुद्ध गरे । यसलाई भारतीय नाकाबन्दीका रुपमा पनि चिनिन्छ । मधेश विद्रोहको यस १५ वर्षको अवधिमा मधेसीले के गुमाए र के पाए भन्ने कुराको विश्लेषण पनि आवश्यक छ ।

मधेश विद्रोहमा मधेशमा बसोवास गर्ने सम्पूर्ण जात, समुदाय आन्दोलनमा होमिएका थिए । तर, १५ वर्षको बीचमा मधेशमा जातीय ध्रुवीकरण बढेको छ । मधेश विद्रोहपछिको 'थरुहट आन्दोलन'ले मधेश आन्दोलनको शक्तिलाई कमजोर बनाएको छ । यहाँसम्म कि माओवादी र एमाले-कांग्रेस थरुहट आन्दोलनमा बाडिँदा अहिलेसम्म पनि थारुहरुले थरुहट आन्दोलनका लागि दुईवटा शब्द प्रयोग गर्छन् । कांग्रेस-एमाले निकटहरुले 'थरुहट आन्दोलन' र माओवादी निकटहरुले 'थारुवान आन्दोलन' ।

मधेसभित्रको थारु र गैरथारु बीच तनाव उत्पन्न हुँदा राज्यले न त थारुको माग सम्बोधन गरेको छ न त मधेसीको नै ।

त्यस्तै, धार्मिक अल्पसंख्यक मुस्लिमलाई पनि राज्यले अलग्यायो । जबकि पहिलो मधेश विद्रोहमा सुरक्षाकर्मीबाट चारजना मारिएका थिए । तेस्रो मधेश आन्दोलनमा पनि तीनजना मारिएका थिए ।

प्रथम मधेश विद्रोहपश्चात् मधेशीबहुल भूगोल खुम्चिएको छ । पहिलो मधेश विद्रोहको नारा 'एक मधेस एक प्रदेश' थियो । तर, हाल मधेशको भू-भाग ७ वटा प्रदेशमा रहेको छ । जसमा एउटा प्रदेशबाहेक अन्य कुनै प्रदेशमा मधेश विद्रोह पक्षधरको शासन छैन । तत्कालीन २२ र हालको २३ जिल्लामा रहेको मधेशलाई ८ जिल्लामा खुम्च्याइएको छ । प्रदेश २ को प्रदेशसभाले माघ ३ गते यसलाई 'मधेश प्रदेश' नामाकरण पनि गरेको छ ।

प्रथम मधेश विद्रोह हुँदा आत्मनिर्णयसहितको मधेश प्रदेश माग गर्ने पक्षधर निकै बलियो भएर आएका थिए । सोहीअनुसार राजनीतिक दल सक्रिय भए र प्रथम संविधान सभामा ठूलो संख्यामा मधेशी समुदायको प्रतिनिधित्व भएको थियो । तर, अहिले संख्या घटेको छ ।

मधेशमा यसअघि भकारी फोर आन्दोलन, मधेशीलाई दबाउने प्रवृत्तिका विरुद्ध 'मोछ उखाड' आन्दोलन भयो । त्यसपछि किसान आन्दोलन र स्वतन्त्र मधेश आन्दोलन पनि भए । तर, ती सबै आन्दोलन कुनै निष्कर्षमा पुगेनन् । संघर्ष जारी रह्यो ।

मधेश विद्रोहको १५ वर्षमा मधेशीहरुले आफ्नो अधिकार र राज्यका विभेदका विरुद्ध संघर्ष गर्न सिकेका छन् । सामान्य अधिकार पाउन पनि आन्दोलन चाहिन्छ भन्ने मानोविज्ञान मधेशीमा बसेको छ । मधेस विद्रोहको यस १५ वर्षमा मधेसीमा राजनीतिक सचेतना बढेको छ तर मधेशीले पाउने अधिकारबाट अहिले पनि वञ्चित छ । मधेश आन्दोलन पछि राजनीतिकर्मीहरुले पनि सत्ताको स्वाद भोग गरेका छन् । जसकारण उसले सत्ता साझेदारीमा जोड दिँदै छन् ।

२०६३ सालयता मनाइँदै आएको बलिदानी दिवस प्रदेश सरकारले यस वर्ष सप्तरीको राजविराजमा विशेष समारोहको आयोजना गरेर मनाएको छ । बलिदानी दिवसका क्रममा मधेसका ५८ सहिद परिवारलाई प्रदेश सरकारले ३-३ लाख रुपैयाँका दरले आर्थिक सहायता प्रदान गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## शहीदको सपना एक हदसम्म पूरा भयो : मुख्यमन्त्री राउत



सप्तरी । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशको नामाकरण मधेश प्रदेश आन्दोलनका शहीदहरुप्रतिको सच्चा श्रद्धाञ्जली रहेको बताएका छन् । मधेश आन्दोलनको प्रथम शहीद रमेश महतोले सहादत प्राप्त गरेको दिन अर्थात बलिदानी दिवसको अवसरमा मधेश सरकार मातहतको मधेशी शहीद प्रतिष्ठानले राजविराजमा आयोजना गरेको सम्मान कार्यक्रममा मुख्यमन्त्री राउतले शहीदहरुले देखेको मधेश प्रदेशको सपना एक हदसम्म पूरा भएको बताएका हुन् । मधेश प्रदेश बनाउन सहयोग गरेका प्रदेश सभा सदस्यहरुप्रति धन्यवाद ज्ञापन गर्दै मुख्यमन्त्री राउतले शहीदहरुको सपना पूरा गराउन आगामी दिन समेत एकबद्ध रहने बिश्वास व्यक्त गरे । उनले मधेश आन्दोलनका शहीद परिवार तथा घाइते हरुको सम्मानमा मधेश सरकार कुनै कमी नराख्ने प्रतिबद्धता जनाए । शहीद परिवारमध्ये अधिकांशलाई मधेश सरकारले जागिर उपलब्ध गराइसकेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले अबको दिनमा मधेश सरकार शहीद परिवार तथा अशक्त घाइतेहरुको लागि मासिक २१ हजार भरन पोषण भत्ता उपलब्ध गराउने तयारी समेत गरेको जानकारी गराए ।

## 'गौर घटना दोहोरिन सक्छ'



काठमाडौं । भौतिक पूर्वाधारमन्त्री रेणु यादवले जनमत पार्टीका नेता सीके राउतलाई लक्षित गर्दै 'गौर नरसंहार' दोहोऱ्याउने चेतावनी दिएकी छिन् । उनले २०६३ सालमा भएको गौर नरसंहारको उदाहरण दिदै राउतका कार्यकर्ताको हालत नरसंहारमा मारिएका माओवादी कार्यकर्ताको जस्तै बनाइदिने चेतावनी दिएकी हुन् ।

रौतहटको गौरमा बलिदानी दिवसको अवसरमा भएको कार्यक्रममा बोल्दै मन्त्री यादवले भनिन्,'इतिहासमा राइस मिल अझै जिवित छ । यो गौरमा चिर्पट देखाउने प्रयास नगर । तुफानसँग भिड्न आए तपाईंको उही हालत हुनेछ जो गौरको राइस मिलमा भएको थियो ।' २०६३ चैत ७ गते मा गौर नगरपालिकाको राइस मिलमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेशी जनअधिकार फोरमले एकसाथ कार्यक्रम गर्न लाग्दा भएको झडपमा हिंसा २७ जना माओवादीका वाइसिएल कार्यकर्ताको हत्या भएको थियो ।

'यो गौर ऐतिहासिक जिल्ला हो । बलिदानी दिवसमा हिंसा गर्नु छैन, आज हामी बलिदानी दिवस मनाउन आएका छौं, भोलि म यहाँको सडकको अवस्था अवलोकन गर्नेछु' उनले चेतावनीको शैलीमा भनिन्, 'तुफानसँग टकराउने प्रयास गऱ्यो भने त्यही हालत हुन्छ जुन गौरको राइस मिलमा भएका थियो । त्यो इतिहास डाक्टर साब (सिके राउत) ले नभुलुन् । नत्र तपाईंका कार्यकर्ता मारिन्छन् ।' यस्तै प्रकृतिको क्रियाकलाप भइरहे जनताले घेरबन्दी गरेर हत्या गर्नसक्ने भएकाले सतर्क रहन यादवले आग्रह गरिन् । 'डाक्टरसाबलाई म चेतावनी दिन्छु, यदि कलेजोमा ताकत छ, गाई भैंसीको दूध खानु भएको छ भने सिंहदरबारमा गएर घेराउ गर्नुस् । तर, जसको नसमा गाई र भैंसीको दूधको रगत बगेको छ यसलाई फासफुस कहिल्यै पनि हुँदैन, लड्ने प्रयास नगर्दा बेस हुन्छ' उनले भनिन् ।

## विवादको चक्रमा जसपा र लोसपा

काठमाडौं । उपेन्द्र यादव नेतृत्वको जसपा र महन्थ ठाकुर नेतृत्वको लोसपा अहिले विवादको केन्द्रमा रहेको छ । ठाकुर समूह जसपाबाट निस्केपछि एकछत्र नेतृत्व सम्हालेका अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद्का अध्यक्ष बाबुराम भट्टराईबीच पछिल्लो चरणमा विवाद उत्पन्न भएको छ ।

जसपाबाट एक अध्यक्ष महन्थ ठाकुर पक्ष बाहिरिएको ६ महिना बित्न नपाउँदै यादव र बाबुरामको दूरी बढेको हो । एमाले अध्यक्ष केपी शर्मा ओली बहिर्गमनको लागि एकमत बनेका उपेन्द्र-बाबुराम पछिल्लो समय खटपट भएको छ । जसपाबाट अलग भई महन्थ ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गरेपछि जसपामा कार्यकारिणी अध्यक्षको एक पद खाली छ । ठाकुरले पार्टी छाडेपछि रिक्त सो पदमा भट्टराईलाई ल्याउनुपर्ने उनी पक्षधर नेताहरूको माग छ । जसपा विधानमा दुईजना कार्यकारिणी अध्यक्ष हुने व्यवस्था



छ । यादव पक्षधर नेताले भने जसपालाई एकल अध्यक्ष प्रणालीमा लैजानुपर्ने तर्क गरेका छन् । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धनको सरकारमा पार्टीको तर्फबाट मन्त्री पठाउँदा अध्यक्ष यादवले एकलौटी गरेदेखि संघीय परिषद् अध्यक्ष भट्टराईसँग दूरी बढेको छ । त्यसो त अध्यक्ष यादवले सरकारमा मन्त्री पठाउँदा मात्रै नभएर पार्टी तर्फबाट राष्ट्रियसभाको निर्वाचनको उम्मेदवारी चयनमा समेत एकलौटी गरेको भट्टराईको आरोप छ । सत्ता साझेदार दलहरूसँग चुनावी तालमेल गरेको जसपाले प्रदेश १ मा हेमराज राई र प्रदेश २ मा मोहम्मद खालिद सिद्दीकीलाई उम्मेदवार बनाएको छ । अध्यक्ष यादवले पार्टीमा एकलौटी गर्न थालेपछि बाबुराम भने पार्टीमा शक्ति आर्जनमा केन्द्रित भएका छन् । अध्यक्ष यादवसँग बाबुराम मात्रै नभएर सरकारमा रहेका मन्त्रीहरूसमेत असन्तुष्ट छन् ।

अध्यक्ष यादवले पार्टीलाई एकलौटी चलाउन खोजेपछि असन्तुष्ट पक्षले कार्यकारिणी समितिको बैठक राख्न दबाब दिइरहेका छन् । तर, अध्यक्ष यादव तत्काल बैठक राख्ने पक्षमा छैनन् ।

दुईजना कार्यकारिणी अध्यक्ष व्यवस्था गरेको जसपामा एकलौटी रोक्न बाबुरामलाई अर्को अध्यक्ष बनाएर अशोक राईलाई संघीय परिषद् अध्यक्ष बनाउन पार्टीभित्र बलियो

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश प्रदेशमा एमाले र लोसपाबीच गठबन्धन

काठमाडौं । नेकपा (एमाले) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले मधेश प्रदेशमा राष्ट्रिय सभाको निर्वाचनका लागि तालमेल गर्ने सहमति गरेको छ ।

बिहीबार एमाले मधेश प्रदेश कमिटी अध्यक्ष राम औतार यादव र लोसपाका मधेश प्रदेश समिति अध्यक्ष जितेन्द्र सोनलले संयुक्त प्रेस वक्तव्य जारी दुवै पार्टीले अन्यतर्फ एमालेका उम्मेदवार उसमान अन्सारी र महिलातर्फ लोसपाकी उम्मेदवार रुपाकुमारी यादवलाई मतदान गर्ने सहमति भएको बताएका हुन् ।

मधेश प्रदेशबाट शशिकला दाहाल र सुमनराज प्याकुरेलको कार्यकाल आगामी फागुन २० गते सकिँदैछ ।

मधेश प्रदेशमा एमालेबाट विना देवी र पर्साका उसमान अन्सारीले उम्मेदवारी दिएका थिए । त्यस्तै लोसपाबाट महोत्तरीकी रुपाकुमारी यादवको उम्मेदवारी परेको थियो । यस्तोमा लोसपासँगको गठबन्धनपछि एमालेकी विनादेवीले उम्मेदवारी फिर्ता लिएकी छन् । अब एमालेबाट अन्यतर्फ अन्सारी र लोसपाबाट महिलातर्फ यादवको उम्मेदवारी कायम भएको छ ।

त्यस्तै सत्ता गठबन्धनबाट माओवादी केन्द्रकी उर्मिला अर्याल, जनता समाजवादीका महमद खालिदको उम्मेदवारी परेको छ । यो प्रदेशमा १ सय ४ प्रदेशसभा सदस्य छन् । जसमा जसपा ३९, लोसपा १६, एमाले ८, कांग्रेस १९, एकीकृत समाजवादी १३, माओवादी ८ र नेपाल संघीय समाजवादी पार्टी १ छन् । मधेस प्रदेश सभा सदस्यको मतभारअनुसार एमालेसँग मात्रै ३ सय ८४ मात्र छ ।

यहाँ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र नगरपालिका प्रमुख, उपप्रमुख २ सय ६८ जना छन् । जसअनुसार प्रदेशमा कुल मतभार ९ हजार ८ सय १६ छ । माघ १२ गते १९ जना राष्ट्रियसभा सदस्य चयनका लागि निर्वाचन हुँदैछ ।

## मठाधीश मधेशी पार्टीहरूलाई सीके राउतको प्रहार

मधेशमा बलिदान दिवस मनाइएको छ । प्रादेशिक सरकारले सप्ताहभित्र तेस्रो दिन सार्वजनिक बिदा उपभोग गरेको छ ।

जनकपुर चुरोट कारखानाको बिपूल अचल सम्पतिलाई प्रदेश सरकारको मुख्यालय घोषित गर्ना साथै त्यस सरकारले 'खेत-खेतमा पानी र हात-हातमा रोजगार' दिने स्वप्न सार्वजनिक गरेको थियो । पथलैयादेखि कोशी व्यारेजसम्मको राजमार्ग खण्डमा उक्त नाराको हजारौ 'होर्डिंग' बोर्डहरू खडा गरियो, जुन अहिले देखिन्न् । बरू यसबीच मलको हाहाकारमा हजारौं किसानहरू लाठी मुंग्रो लिएर संघीय र प्रादेशिक सरकारका विरूद्ध सडकमा ओर्ले ।

प्रादेशिक सरकारले आफ्नो सुरक्षाका लागि उनैद्वारा घोषित शत्रुको बूँई चढेर पनि सरकारमा रहेको छ । शुरूआती वर्षहरूमा दुबै मधेशी पार्टीले एमालेको सहयोग प्राप्त गरे, पछि काँग्रेस र माओवादीले टेको दिए । अर्को मधेशी दल, जोसँगको गठबन्धनले यिनीहरू मधेशका ठूलो पार्टी बनेका थिए- तिनलाई मधेश भवनबाट बहिर्याए । लोसपा बनाएर महन्थ ठाकुर र राजेन्द्र महतोहरू प्रतिपक्षमा पुगेका छन् । समीकरण, सहकार्य र गठबन्धनमा मधेशी पार्टीहरू महारत हासिल गरेका छन् । यसअघि रिक्त रहेको संघीय संसदको राष्ट्रियसभा सदस्यमा एमालेसँग मिलेर आफ्ना मानिसलाई सशुल्क विजयी गराए । अबको केही दिन भित्रै हुने अर्को चुनावमा काँग्रेस र माओवादीसँग मिलेर उम्मेदवार खडा गरेका छन् । यो दुबै पटक मधेशी पार्टीले यो सहकार्य संघीय संसदको निर्वाचनसम्म अटल रहने भनेको थियो ।

मधेशी दलहरूले जातीय जनाधारलाई बलियो बनाएका छन् । यसर्थ, मधेशका मुद्दाहरू यिनीहरूका लागि खासै महत्व राख्दैन । सदैव अविच्छिन्न रोषमा रहेको तथा अवचेतन अवस्थाका सर्वसाधारण मधेशी जनताले मुद्दामा आधारित रहेर यिनीहरूको कार्य मूल्यांकन गर्न सकेको छैन । मधेशी नागरिक समाज त सत्ता लम्पट मधेशी पार्टीको अर्को भाग अर्थात सिक्काको अर्को पाटो मात्र भएको छ ।

यिनीहरूमा फुट र विग्रहको निरन्तरको स्वभाव जारी छ । यस एक वर्षभित्र पाँच वटा मधेशी पार्टी मिलेर 'राजपा' बनाए । यो राजपा उपेन्द्र यादवसँग मिलेर 'जसपा' बनाए । जसपाबाट महन्थ र राजेन्द्र महतो अलग भएर 'लोसपा' बनाए । अब लोसपाबाट राजेन्द्र महतो लगभग अलगिगएको अवस्था छ । यसको समानान्तर उपेन्द्र यादवको जसपाबाट डा. बाबुराम भट्टराई बहिरिने निश्चित नै छ । अशोक राईसँगै उपेन्द्रको पार्टीमा गएका भोजपुरका हेमराज राई राष्ट्रिय सभाका उम्मेदवार बनाइएका छन् । यस चुनावको समाप्ति पछि शायद अशोक राईले डा. बाबुरामसँग आफ्नो पोजिशन स्पष्ट पार्ने होला । तर, मुहूर्त जुन दिनको बनोस्, यो सन्निकट छ कि जसपमा अर्को विभाजन अवश्यंम्भावी छ ।

यसबीच सीके राउतका गतिविधिलाई धेरैले नोटिसमा राखेका छन् । शायद मधेशी कित्ताबाट यिनको प्रहार विशेषतः उपेन्द्र यादवप्रति केन्द्रीत देखिन्छ । मधेशमा लोकप्रिय मानिएको 'लाठी जुलुस'मा जनमत पार्टीले हिस्सेदारी बढाउँदै गएमा आउँदो निर्वाचनमा २/४०० भोटको अन्तरबाट जितेका मठाधीश मधेशी पार्टीहरूको उल्लेख्य सीट खोसिनेमा शंका न रहला ।

कठिन छ अवस्था मधेशी पार्टीहरूको । यस्तोमा यिनलाई 'भ्यागुतो उफ्र्याई' को यौटा मुद्दा चाहिएला । भारतमा मोदीले पाकिस्तानको बालाकोटमा गरेको सर्जिकल स्ट्राईक जस्तो । यो सर्जिकल स्ट्राईकले देखाएको छ- बढी संख्याको र स्पष्ट मानवीय क्षति भारतको भएपनि बढी प्रचार भने



जयप्रकाश गुप्ता

'मोदीले पाकिस्तान भित्र छिरेर ठोक्यो ।' यसको बढी प्रचार भयो । यस्तै अब यी मधेशी पार्टीहरूले मधेशमा 'आठ जिल्लाको प्रदेश २ को नामाकरण मधेश प्रदेश गराएकोलाई शायद उपयोग गर्ने होला । उपेन्द्र यादवले त यसको संकेत दिइसकेका छन् ।

मधेशी समुदायको चिरन्तरको रोष, सामूहिक भावातिरेक र बालुवालाई सुनमा रूपान्तरित गरेर पार्टीहरूले ऋणी जनताको ऋण मोचन गरिदिने मधेशी जनतामा रहेको मीथ आदिले गर्दा मधेशको वर्तमानको वस्तुनिष्ठ मूल्यांकनको कुनै संभावना छैन । देखिन्न् ।

## सम्पादकीय

# असन्तुष्टिको 'मधेश प्रदेश'

चार वर्षको अथक प्रयत्न पछि प्रदेश २ को नाम 'मधेश प्रदेश' कायम भएको छ । तीन दलको संयुक्त प्रस्ताव 'मधेश प्रदेश'को पक्षमा मतदान हुँदा प्रदेश २ले नाम औपचारिक नाम पाएको हो । मतदानमा सहभागी ९९ मध्ये ८० जना सांसदले 'मधेश प्रदेश'को पक्षमा मतदान गरेका थिए । प्रदेश २ को सत्तारूढ दल जनता समाजवादी पार्टी, नेकपा (माओवादी केन्द्र) र प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टीले संयुक्त रुपमा 'मधेश प्रदेश' प्रस्ताव गरेका थिए । शैलेन्द्र कुमार यादव र भरत प्रसाद साह प्रस्तावक रहेको नाम 'मधेश प्रदेश' कायम गर्न प्रदेशसभामा शैलेन्द्र कुमार यादवले प्रस्ताव पेश गरेका थिए ।

यस्तै प्रदेश सभाले प्रदेश २ को स्थायी राजधानी जनकपुरधाम कायम गरेको छ । यससँगै मुलुकका सात प्रदेश मध्ये अब प्रदेश १ को मात्र नामाकरण हुन बाँकी छ । स्थायी राजधानी 'जनकपुरधाम'का लागि भएको मतदानमा ९९ जना प्रदेशसभा सदस्यहरु सहभागी मध्ये ७८ जना प्रदेशसभा सदस्यले पक्षमा मतदान गरेका थिए । प्रदेश २ को नाम 'मधेश प्रदेश' कायम भएकोमा एकातर्फ खुशीको माहोल रहेको छ भने अर्कोतर्फ यसको विरोधको पनि स्वर सुनिन थालेको छ । ८ जिल्लालाई मात्र समेटिएर 'मधेश प्रदेश' कायम गरिएकोमा राजनीतिक र भौगोलिक रुपमा क्षति भएको असन्तुष्टि राजनीतिक स्तरबाट देखिन थालेको छ ।

करिब डेढ दशकदेखि मधेश प्रदेशका लागि १४ जिल्लालाई मधेशमा समाहित गर्नुपर्ने भन्दै संघर्ष भइरहेको थियो । तर ८ वटा जिल्लालाई मात्रै 'मधेश प्रदेश' कायम गरिएको छ । 'मधेश प्रदेश' कायम भएकोमा वर्षौंदेखि हुँदै आएको संघर्षको उपलब्धिको रुपमा पहिचान स्थापित गर्न कुनै न कुनै रुपमा सफल भएको पनि राजनीतिक र भौगोलिक रुपमा ठूलो क्षति भएको छ ।

विभिन्न तीन चरणमा भएको मधेश आन्दोलनको माग 'समग्र मधेश एक प्रदेश'को थियो न कि ८ जिल्लाको मधेशका लागि । राजनीतिक रुपमा गरिएको भौगोलिक नामाकरणले आन्दोलनमा सहभागी १४ जिल्लाका मधेशीसँग अन्याय नै भएको छ ।

> ८ जिल्लालाई मात्र सीमित गरी मधेश प्रदेश बनाउनु भनेको मधेश शब्दलाई स्थापित गर्न खोजिएको हो । तर मधेश भूभागको अन्य जिल्लाका मधेशी समुदायसँग अन्याय नै हो, अब उनीहरुको राजनीतिक पहिचान के भन्ने प्रश्न उठेको छ । मधेश प्रदेश शब्दले यी ८ जिल्लामै विरोधका स्वरहरु उठन थालेको छ, यसले भोलिका दिनमा यी प्रदेश भित्रै विभिन्न पहिचान खोज्नेहरु आन्दोलनमा उठ्ने अवस्था उत्पन्न गरेको छ ।

हिजोसम्म केन्द्रीय शासकले मधेश शब्दलाई स्वीकार नगरी घृणाको दृष्टिकोणले हेर्ने अवस्थाबाट संवैधानिक रुपमा पहिचान स्थापित हुनु भावनात्मक रुपमा घाउमा मल्हम लगाउने काम मात्र भएको छ । यसले मधेश आन्दोलनका मागमा राजनीतिक र भौगोलिक रुपमा कहीँ न कहीँ क्षति पुऱ्याएको छ ।

मधेशलाई ८ जिल्लामा मात्र सिमित गराउनु भनेको राजनीतिक रुपमा पछाडि हटनु हो र आन्दोलनको मागबाट पछि हटनु भनेको अन्याय नै हो ।

भौगोलिक रुपमा भन्ने हो भने पुरापूर्व काललेखि रहेको २२ जिल्लाबाट ८ जिल्लामा संकुचित गर्नु भनेको आफैंमा क्षति हो । आउने दिनमा मधेशका ८ जिल्ला बाहेक अन्य १४ जिल्लामा मधेशी भनेर राजनीतिक गर्न संकट उत्पन्न गरेको छ । तिनीहरु कुन पहिचानबाट राजनीति गर्छन आउँदो पुस्ताका लागि समस्या खडा गरेको छ । यति मात्र होइन सांस्कृतिक रुपमा विगतमा मिथिला, अवध, कौशल, पाञ्चाल सहितका भूभागको पहिचान मध्य देश थियो, जुन एउटा राजनीतिक शक्ति पनि थियो, जसलाई स्थापित गर्न समग्र मधेश एक प्रदेशको नारा सहित मधेश आन्दोलनको सुरुवात भएका थियो । हिजोका दिनसम्म मधेश प्रदेशका लागि राजनीति आन्दोलन गर्नेहरुले 'सेफ लैडिङ्ग' गर्न खोजेका हुन्, यसले मधेश आन्दोलनको माग सम्बोधन गरेको देखिदैंन ।

८ जिल्लालाई मात्र सीमित गरी मधेश प्रदेश बनाउनु भनेको मधेश शब्दलाई स्थापित गर्न खोजिएको हो । तर मधेश भूभागको अन्य जिल्लाका मधेशी समुदायसँग अन्याय नै हो, अब उनीहरुको राजनीतिक पहिचान के भन्ने प्रश्न उठेको छ । मधेश प्रदेश शब्दले यी ८ जिल्लामै विरोधका स्वरहरु उठन थालेको छ, यसले भोलिका दिनमा यी प्रदेश भित्रै विभिन्न पहिचान खोज्नेहरु आन्दोलनमा उठ्ने अवस्था उत्पन्न गरेको छ ।

मधेश आन्दोलनले २०६३ को अन्तरिम संविधानमा पूर्व-पश्चिम गरी दक्षिण तर्फका २२ जिल्लाहरूलाई मधेश भनिने मान्यतालाई स्थापित गरेको थियो । यदि त्यस यथार्थलाई साक्षी राखेर नामाकरण गरिएको हो भने यसले कतिको माग पुरा भयो भने मूल्यांकन गर्न सकिन्छ ।

# मधेश प्रदेशको हर्षोल्लास उत्सव

## विचार-विश्लेषण

भाग-११७



उपेन्द्र झा

मधेश सरकार बनाएर पनि मधेशी जनप्रतिनिधिबाट विवाद खडा गरी प्रदेशको नामाँकन गर्न नसक्ने प्रदेश २ को सरकारले आफ्नो कार्यकाल पूरा हुन लागेको पूर्व सन्ध्यामा प्रदेशको नाम **मधेश प्रदेश** प्रदेश सभाबाट पास गराउन सफल भएको छ । मधेशको सानो कित्ताको लालपूर्जामा **मधेश प्रदेश** नाम लेखाउँदा पाएको अपार खुशीलाई व्यवस्थापन गर्न माघ ४ गते सार्वजनिक बिदा दिएको थियो । सरकारले नचिताएको, अकल्पनीय सफलताको खुशी मनाइरहँदा वीरगंजमा प्रदेश सरकारको विरोधमा व्यापक जुलुस प्रदर्शन भएको छ ।

मधेश प्रदेश र राजधानी दुबै कुरा जनकपुरको स्वामित्वमा परेकाले वीरगंजले विरोध जनाएको हो । मुख्यमन्त्री वीरगंजवासी भएकोले पनि वीरगंजवासीको भावनालाई कदर नगरिएको गुनासो मुखरित गर्न विरोध जुलुस देखाइएको हो । चित्त बुझ्दो कुरा प्राप्त नभएपछि संगठित विरोध लोकतान्त्रिक अधिकार रहेकोले विरोध प्रदर्शन स्वाभाविक कुरा हो । जुलुसमा मा. मुख्यमन्त्री लालबाबु राउतको पुतला दहन भएको छ । मधेशको ८ जिल्ला २२ जिल्लाको अगाडि एक तिहाई हो । मधेशलाई षड्यन्त्रपूर्वक ८ जिल्लामा सीमित गरेको दुःखद कुराप्रति संवेदनशील भई त्यसको बारेमा रणनीति बनाई अगाडि बढ्नुको सट्टा साँकेतिक विरोध गरी सानो भएपनि सरकार चलाउन पाउँदा मधेशका दलहरु रमाएका छन् ।

आफ्नै स्वामित्वमा रहेको प्रदेश सरकारको ५ वर्षमा नामाँकन समेत गर्न नसक्नु कस्तो अवस्था रहेको स्पष्ट हुन्छ । आफ्नै घरको नामाँकन गर्न यति विघ्न खुशियाली मनाउनु भनेको दुर्लभ वस्तुको प्राप्ति भएजस्तोको उत्सव लाग्यो । सामाजिक संजालमा प्रदेश २ को नामाँकन विषयमा जुन किसिमको उत्सव मनाइयो, अन्य प्रदेश पनि आश्चर्य मानिरहेका छन् । त्यस्तो के थियो र पायो ।

मधेशका जिम्मेवारी लिएर बसेका दलहरु देय अधिकार खोसिएको अवस्थामा पार्टीको कस्तो रणनीति बनाउने, कसरी मधेशको एकता कायम राख्ने, पुनश्चः राज्यमाथि दबाब सिर्जना गरि पाउने अधिकार कसरी पाउने आदिबारे कुनै सोच देखिदैन । बरु राज्यको टारगेट नबनी यथास्थितिमा नै जीवन चलोस् भन्ने सोच नै देखिन्छ ।

मधेश आन्दोलनले ल्याएको समग्र मधेश एक प्रदेशको अवधारणा कहाँ गयो ? अथवा मेचीदेखि चितवन, चितवनदेखि कंचनपुर गरि मधेशमा दुई प्रदेश बनाउने सोच कहाँ गयो ? यी कुराहरुबारेको अग्रगामी सोच र त्यस अनुरुपको व्यावहारिक क्रियाकलाप केही छैन । राज्य पुनर्संरचनाबारे कुनै आवाज छैन । टुक्रिएको मधेशमा पुनश्चः समग्रता हासिल गर्ने कुनै सोच छैन । सत्तासुखमा रमाएका दलहरु मधेशलाई अग्रगामी दिशामा लान चाहँदैन न आफू यथास्थितिको दलदललाई पार गर्न चाहन्छ । राज्यको टारगेटको बखेडामा कोही आउन चाहँदैन । यथास्थितिमा सबै राज्य सुविधा भोग्न रमाएका छन् ।

मधेश प्रदेशमा श्रृँखलाबद्ध हत्या, हिंसा, बलात्कारका घटनाहरु दिनानुदिन बढिरहेका छन् । समाजलाई अपराधको श्रृँखलाले गाँजिरहेको छ । समाजमा दण्डहीनताले प्रश्रय पाइरहेको छ । कोरोनाको महामारीले समाजलाई अस्तव्यस्त बनाइदिएको छ । मानिसहरुको दैनिकी दयनीय बन्दै गएको छ । महँगी, बेरोजगारीले समाजलाई अपराधको दूनियाँमा जान बाध्य बनाएको छ । मधेश प्रदेश सरकार समाजको यस्तो चित्रप्रति कतिको सम्वेदनशील छ । यो गम्भीर विषय हो । किसानको समस्या विषयमा नबोल्नु, हत्या, हिंसा, बलात्कार विषयमा नबोल्नु, मानवाधिकार हनन् विषयमा नबोल्नु सरकारको दायित्वहीनतालाई उजागर गर्दछ । जुन समस्याप्रति नैतिक दायित्व पनि निर्वाह गर्न नसक्ने सरकारको यस्तो व्यवहारबाट जनसमर्थन हासिल गर्न सकिंदैन ।

यथास्थितिमा जनसरोकारका विषय फलीभूत नहुने, सरकारप्रति जनआस्था क्षीण हुने, सरकारको लोकप्रियता नहुने, समय सापेक्षको आचरणबिना अस्तित्व पनि गुम्ने यथार्थलाई मनन् गर्नु पर्दछ । मधेश प्रदेशको घोषणा गरेर खुशियाली मनाउनुको के अर्थ, जहाँ मधेशीबाट नै अल्पमत पाइन्छ । मधेश सरकारको लोकप्रियताको अनुपात कतिसम्म छ भन्ने कुरा मतबाट नै प्रष्ट हुन्छ ।

क्षेत्रीय राजनीति गर्दा सबैलाई समेट्ने हिसाबले नभएर जातिवादी राजनीति अंगाल्नु, अरुप्रति पूर्वाग्रही बन्नु, गुटगत राजनीति गर्नु, सहकार्यमा विश्वास नगर्नु, निष्पक्षता नराख्नु, उदारता र इमानदारिता नराख्नु आदि कारणले लोकप्रियता नबढ्नु ठूलो कारण हो । मधेश आन्दोलनले दिएको प्रतिष्ठा अकर्मण्यतामा त्यसै समाप्त हुने कुरालाई मनन् गरिएन भने अस्तित्व नै गुम्ने समय भने आइसकेको छ । मधेश आन्दोलनलाई १५ वर्ष बितिसकेको छ । नित नवीन कुरा प्राप्त गर्ने जनचाहना अनुरुप चलेन भने धेरै राजनीति दल अस्तित्वहीन बनेका छन् ।

मधेशमा अहिले पनि नेपाली काँग्रेस, एमाले र माओवादीको वर्चस्व क्रमबद्ध रुपमा रहेकोले जसपा र लोसपा कुन नवीनतम् कुरा लिएर मधेशी जनतालाई आकर्षित गर्ने हो । स्थानीय स्तरमा मात्र होइन प्रदेश र संघीय सरकारमा प्रतिनिधित्व गर्ने चाहना राख्ने मधेशीहरु जित्नका लागि ठूला दलमा प्रवेश गरि आफ्नो चाहना पूरा गर्छन् । जनआधार भएका धेरै मधेशीहरु नेपाली काँग्रेस, एमाले र माओवादी पार्टीमा प्रवेश गरी सुविधा भोगिरहेका छन् । मधेशको हक अधिकार, मुद्दा, एजेण्डा, समस्या आदिसँग उनको कुनै सरोकार छैन । आफ्नो स्वार्थको लागि गर्ने राजनीतिभन्दा उनको फरक कुनै सिद्धान्त हुँदैन । केही स्वार्थपूर्तिका लागि पार्टी छोडे भने कतिपय पार्टी अध्यक्षको निरंकूश कार्यशैलीका कारण पलायन भए ।

१२ प्रतिशतभन्दा बढि मत बटुल्न असक्षम देखिएको मधेशका राजनीतिकर्मीहरु आफ्नो प्रदेशका समस्यालाई पनि हल गर्न सक्षम देखिदैन । आफ्नो व्यवहार र टुटफुटको राजनीतिले आउँदो चुनावमा नराम्रो प्रभाव वेहोर्नु पर्ने अवस्था छँदैछ । पार्टीप्रति जनतामा आकर्षण बढ्नु लोकप्रियता हो । लोकप्रियता हासिल गर्न जनताको हक अधिकारको सुनिश्चितता हो । त्यस्ता कुन नौला कुरा यी दलहरुले मधेशका लागि ल्याइदिएको हो ?

> मधेशप्रति आफ्नो दायित्व बिर्सेको, अग्रगामी सोच नभएको, स्वार्थमा रमाएको नेतृत्व मण्डलीहरु आफ्नो घरको नामाँकरण गर्दा ठूलो उपलब्धि ठान्नेहरुसँग समग्र मधेशप्रति के जवाफ छ ? मधेश प्रदेशमा रमाउनेहरु बाँकी मधेशको बारेमा के सोच लिएका छन् ? ८ जिल्ला बाहेकको मधेशबारे हाम्रो सम्बन्ध कस्तो हुने, आदि अनुत्तरित प्रश्नहरु तेर्सिएका छन् ।

मधेशप्रति आफ्नो दायित्व बिर्सेको, अग्रगामी सोच नभएको, स्वार्थमा रमाएको नेतृत्व मण्डलीहरु आफ्नो घरको नामाँकरण गर्दा ठूलो उपलब्धि ठान्नेहरुसँग समग्र मधेशप्रति के जवाफ छ ? मधेश प्रदेशमा रमाउनेहरु बाँकी मधेशको बारेमा के सोच लिएका छन् ? ८ जिल्ला बाहेकको मधेशबारे हाम्रो सम्बन्ध कस्तो हुने, आदि अनुत्तरित प्रश्नहरु तेर्सिएका छन् । यथास्थितिमा बाँच्नेहरुका लागि यसबारे तर्कसंगत कुनै जवाफ छैन । मधेशले पनि प्रशिक्षणको दौरान यी प्रश्नहरु सोध्नु पर्छ ।

janukjha24@gmail.com

# मधेश प्रदेशः शहिद परिवारलाई ३ लाख, ५ स्थानमा सहिद पार्क बन्ने

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मधेस आन्दोलनमा सहिद भएकाहरूको परिवारका सदस्यलाई स्थायी रुपमा राहत सहयोग प्रदान गरिने घोषणा गरेका छन् ।



रोजगारबाट बञ्चित रहेका सहिद परिवारलाई भरणपोषण बापत प्रदेश सरकारले मासिक २१ हजार रुपैयाँ दिने गरी स्थायी व्यवस्था गर्न लागेको उनले बताए ।

यस्तै मधेशका सहिद र अन्य आन्दोलनमा सहिद भएकाहरूको सम्मानमा मधेश प्रदेशका ५ स्थानमा प्रदेश सरकारले सहिद पार्क निर्माण गर्न लागेको मुख्यमन्त्री राउतले बताए । साथै तथ्यांकमा छुटेका आन्दोलनका घाइतेहरूको पनि तथ्यांक समावेश गरी उनीहरूलाई सम्मान गरिने बताए ।

बुधबार सहिदका परिवारलाई राहत वितरण कार्यक्रममा मुख्यमन्त्री राउतले यस्तो बताएका हुन् ।

यस्तै मधेश सरकारले ३/३ लाख रुपैयाँ राहत प्रदान गरेको छ । मधेश आन्दोलनको क्रममा राज्यबाट मारिएका सहिदहरूको सम्झनामा मधेश सरकारद्वारा बुधबार राजविराजमा आयोजित चौथौ बलिदानी दिवसका अवसरमा सहिद परिवार र घाइते परिवारलाई नगदसहित सम्मान गरिएको हो ।

राजविराजमा आयोजित बलिदानी दिवस कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले सहिद परिवारका सदस्यहरूलाई ३/३ लाख रुपैयाँसहित सम्मानपत्रबाट सम्मान गरे ।

मधेश आन्दोलनका ५९ जना सहिदका परिवारलाई ३/३ लाख रुपैयाँका दरले प्रदान गरिएको अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए ।

यस्तै कार्यक्रममा मधेस आन्दोलनका जीउँदो सहिद मानिने पर्साका मन्सी पटेलसहित घाइते र अंगभंग भएकाहरूलाई पनि नगदसहित सम्मान गरियो । घाइते तथा अंगभंग भएका ८१ जनालाई २५ हजारदेखि ३ लाख रुपैयाँसम्म रकम वितरण गरिएको थियो ।

# मन्त्री रेणु यादवको नियत फेरि गौर नरसंहार गराउने नै थियो



**ई.बसन्त कुशवाहा**

**उपाध्यक्ष, जनमत पार्टी**

**० किसान आन्दोलनको नाममा जनमत पार्टीले हिंसा भड्काउन खोजेको आरोप लागेको छ नि ?**

– अहिलेसम्म हाम्रो आन्दोलनका कार्यक्रम शान्तिपूर्ण नै रहेको छ। हिंसा भड्काउने काम त सत्तापक्ष र प्रहरी प्रशासनले गरिरहेको छ।

**० तर, तपाईंहरुले गौर घटनाको पुनरावृत्ति गराउन खोज्नुभयो भन्ने आरोप छ ?**

– माघ ५ गते बुधबार सत्तारुढ जनता समाजवादी पार्टीले सुनियोजित तरिकाले रौतहटमा गौर घटना गराउने भनेर नै कार्यक्रमको आयोजना गरेको थियो। यसको हामीसँग प्रमाणहरु छन्। जसपाले युवा संघको नाममा किसानहरुमाथि लाठीभाट्ठा चलाउने र हिंसा मच्चाउने उद्देश्यले कार्यक्रम गरेको थियो। कार्यक्रम स्थलको व्यवस्था हेर्दा स्टेजमुनि लाठीभाट्ठा राखेर त्यो कार्यक्रम गरिएको थियो। ती लाठीभाट्ठा राजदेवी नगरपालिका-१ पथरा भन्ने ठाउँबाट ल्याइएको थियो। किसान आन्दोलित छन्, संघीय मन्त्रीहरुको कार्यक्रममा विरोध गर्छ भन्ने थाहा हुँदाहुँदै पनि मन्त्री रेणु यादव आउनुभएको थियो। मन्त्री आउँछन् भनेर सयौं किसानहरु जम्मा भएका थिए, कालो झण्डा देखाउनका लागि किसानहरु बसेका थिए तर मन्त्री यादवले प्रहरी प्रशासनलाई दमन गर्न निर्देशन दिनुभएको थियो। सोहीअनुसार किसानहरुमाथि लाठीचार्ज भयो, दर्जनौं किसानहरु घाइते भए। पाँच जना किसानहरु गिरफ्तार भए। त्यो पाँच जनामा एक ७५ वर्षीय वयोवृद्धलाई पनि मन्त्री यादवले गिरफ्तार गर्न लगाउनुभएको छ। तर पनि किसानहरु पछि हटेनन्, पछि चोरबाटोबाट मन्त्री यादव कार्यक्रमस्थल पुग्नुभयो। किसान आन्दोलनको प्रतिकार गर्ने त्यो कार्यक्रममा लाठीभाट्ठा चलाउने युवाहरु नै थिएनन्। त्यो कार्यक्रममा मन्त्री यादवले खाना र पैसा दिएर गाउँ-गाउँबाट स्कारपियोमा मान्छेहरु जम्मा गर्नुभएको थियो। उहाँको आफ्नो कार्यकर्ता ४०-५० भन्दा बढी थिएनन्। मन्त्री यादवले गौर नरसंहार दोहोऱ्याउने उद्देश्यले नै आउनुभएको थियो तर उहाँसँग मान्छे नभएर सक्नुभएन। त्यो कुरा उहाँको वक्तव्यबाट प्रष्ट हुन्छ।

**० गौर नरसंहार दोहोऱ्याउने उद्देश्य थियो त ?**

– जसपाले त्यसरी नै योजना बनाएको थियो। आखिर गौर नरसंहार उहाँहरुले नै गरेको भन्ने कुरा स्वीकार नै गरिसक्नुभयो। त्यसैलाई पुनरावृत्ति गर्ने भनेर जसपाले योजना बनाएको थियो। किसानमाथि दमन गर्ने, हत्या गराउने र आन्दोलन निस्तेज होस् भन्ने योजनाका साथ गौरमा कार्यक्रम गरिएको थियो। जुन असफल भयो। हामी त किसानका समस्याहरु समाधान होस्, संघीय मन्त्रीहरुको कानमा आवाज पुगोस् भनेर मात्रै विरोध प्रदर्शन गर्न गएका थियौं।

**० तपाईंहरुको पनि त अराजक शैली देखिन्छ नि। कसैलाई कार्यक्रम नै गर्न नदिने, विथोल्ने, निषेधको राजनीति गर्न थाल्नुभयो नि ?**

– हामीले कसैलाई कार्यक्रम गर्न दिँदैनौं भनेका छैनौं। संघीय मन्त्रीहरुको कार्यक्रमलाई मात्र विरोध गर्ने भनेका छौं। संघीय सरकारबाट नै किसानको माग सम्बोधन गर्न सक्छ, मलखाद्य, बीउबिजनको व्यवस्थापन गर्न सक्छ। त्यसैले हामी संघीय सरकारको ध्यानाकर्षण होस् भन्ने उद्देश्यका साथ संघीय मन्त्रीहरुको कार्यक्रममा अवरोध गर्ने भनेका हौं। यसबाहेक कोही कसैसँग हाम्रो कुनै वैरभाव छैन। गौरमा जसपाको मात्रै कुनै कार्यक्रम भएको भए हामी कुनै किसिमको चासो देखाउने थिएनौं। हामी त संघीय मन्त्रीको विरोध गर्ने हिसावले किसानहरुले अवरोध गर्न खोजेको थियो।

**० मन्त्री रेणु यादवले हिम्मत छ भने सिंहदरबार घेर्न जानुस् भनेर तपाईंहरुलाई चुनौति दिनुभएको छ नि ?**

– सिंहदरबारमा त उहाँ आफै अहिले बसिरहनुभएको छ। किसानहरु आफ्नो ठाउँमा विरोध गरिरहेका छन्। उहाँसँग पैसा, पावर छ, किसानसँग छैन नि। हाम्रो दिन आउँदैछ, सिंहदरबार पनि घेर्ने नै हो। विचारा किसानसँग खाने, लाउने समस्या छ, अनि सिंहदरबार घेर्न जा भन्न सुहाउँछ एउटा मन्त्रीले ? किसानकै ठाउँमा आएर मन्त्रीले दादागिरी देखाउन खोजिरहेका छन्।

**० मधेशमा अहिले जसपा र जनमतबीच भिडन्तको अवस्था देखिएको हो, किन ?**

– हाम्रो संघर्ष कुनै पार्टीविरुद्ध होइन, भ्रष्टाचारी र अनियमितता गर्नेहरुको विरोधमा हो। भ्रष्टाचार जुनसुकै पार्टीले गर्छ, हामी त्यसको विरोध गर्छौं र गर्दै पनि आएका छौं। जुनसुकै पार्टीको भएपनि संघीय मन्त्री मधेशमा आएपछि हाम्रो विरोध प्रदर्शन हुन्छ नै।

**० किसान आन्दोलनको महिना पुग्न लागिसक्यो तर संघीय सरकारको ध्यानाकर्षण भएको देखिंदैन। कहिलेसम्म आन्दोलन गर्ने ?**

– यो बडो दुःखद कुरा हो। किसान आन्दोलनको बेवास्ता भइरहेको छ। आफ्ना जायज मागहरु राखेर आन्दोलन गरिरहेका किसान आन्दोलनका मागहरु सम्बोधन गराउनुको साटो गौर नरसंहार जस्तो जघन्य अपराधिक घटना गराउने भन्ने वक्तव्यहरु आइरहेका छन्। किसानको मागलाई उहाँहरु कहिल्यै पनि समाधान गर्न चाहनुभएको छैन। गौरमा मन्त्री रेणु यादवजीले भन्नुभयो कि अब मलखाद्यको फैक्ट्री सीके राउतले लगाउँछ। उहाँहरु मन्त्री पदमा बस्ने, सत्ताभत्तामा रमाउने, सुरक्षा घेराभित्र बस्ने, कमिशन र पैसा खाने तर काम अरुले गरिदिने हो। उहाँहरु किसानको समस्या समाधान होस् भन्ने चाहेकै होइन। त्यसैले, किसानका मागहरु सम्बोधन नभएसम्म आन्दोलन जारी रहन्छ। हामीले विभिन्न ११ बुँदे माग सार्वजनिक गरेकै छौं। किसानका समस्याहरु समाधानका लागि एउटा उच्चस्तरीय कार्यदल बनाओस् भनेर पनि भनेका छौं। सरकारले कार्यदल बनाएर समस्या समाधान गर्न चाह्यो भने यो आन्दोलन रोकिन सक्छ।

**० अब चुनावको मिति पनि तोक्न छलफल भइरहेको छ, चुनावअगावै किसानका मागहरु पूरा होलान् ?**

– किसानका सबै मागहरु पूरा हुन अलिकति समय लाग्न सक्छ तर कमसेकम एउटा उच्चस्तरीय कार्यदल बनाउन समय लाग्दैन। सरकारले एउटा उच्चस्तरीय कार्यदल बनाएर यसरी किसानको समस्या समाधान हुन्छ भन्ने रोडम्याप बनाउनुपर्छ। त्यो गरेपछि किसानलाई पनि लाग्छ कि अब यो प्रक्रिया सुरु भयो, समस्या समाधान हुन्छ भन्ने आशा पलाउँछ। तर किसानको समस्या नै सुन्न चाहिरहेका छैनन्।

**० भनेपछि आन्दोलन रोकिने सम्भावना देखिएन ?**

– जनताले आफ्नो माग पूरा गराउन आन्दोलन गर्नु बाहेक अन्य कुनै विकल्प छैन। जनताले आवाज उठाउने भनेको सडकबाट हो। त्यसैले किसानको आन्दोलन त जारी नै रहन्छ। किसानको आन्दोलन पनि भइरहन्छ र हामी चुनावको तयारी गर्दै जान्छौं। आखिर यी भ्रष्टाचारीहरुलाई जनताले त बुझिसकेका छन्। यिनीहरु चुनावबाट पनि डराइरहेका छन्। चुनावमा भोट माग्न गयो भने जनताले लखेट्छन् भन्ने डर पनि ती भ्रष्टाचारीहरुलाई भइरहेको छ।

**० प्रदेश २ को नाम मधेश र राजधानी जनकपुरधाम घोषणा भयो। यसलाई जनमत पार्टीले कसरी लिएको छ?**

– यो पनि एउटा ठूलो प्रपञ्च हो। मधेश भनेको आठ जिल्ला मात्रै होइन, झापादेखि कञ्चनपुरसम्मको २२ जिल्ला हो। २२ जिल्लाको मधेश प्रदेश हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। अहिले आठ जिल्लालाई मात्रै मधेश बनाउनु भनेको षड्यन्त्र हो। मधेशी शहीदहरुप्रति ठूलो अन्याय हो। त्यसैले हामीलाई यो नामांकन मान्य छैन। अहिले प्रदेशको सीमांकन नै गलत हो, यसलाई सच्याएर मात्रै नामांकन होस् भन्ने हाम्रो चाहना थियो।

**० आठ वटा जिल्लाकै भएपनि पहिचानको आधारमा मधेश प्रदेश हुनु स्वागतयोग्य होइन र ?**

– यो एउटा षड्यन्त्र मात्र हो। अहिले प्रदेश १ को नामाकरण बाँकी छ, के त्यसको नाम नेपाल प्रदेश राख्ने त ? त्यो त मिल्दैन। त्यसैले मधेशको आठ जिल्लालाई मात्रै मधेश प्रदेश नामाकरण भन्न मिल्दैन।

**० आगामी चुनावमा मधेश प्रदेशमा जनमतले क्लिनस्वीप गर्न सक्छ ?**

– जनताको अहिले आशा र भरोसाको केन्द्र जनमत पार्टी नै हो। अहिलेको आन्दोलनबाट पनि त्यो कुरा देखाइरहेको छ। त्यसैले हामी आशावादी छौं, जनताले हामीलाई साथ दिनेछ र मधेश प्रदेशमा क्लिनस्वीप गर्नेछौं।

# उपेन्द्र यादवले मधेश आन्दोलनलाई गलत तरिकाले डिल गरे



**रविदत्त मिश्र**

**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० मधेश विद्रोहको १५ वर्ष पूरा भयो। यो १५ वर्षे यात्रालाई कसरी स्मरण गर्नुहुन्छ ?**

– हामीले मधेश विद्रोह वा आन्दोलनको अवसरमा हरेक वर्ष माघ ५ गते बलिदानी दिवस मनाउँदै आएका छौं र यस वर्ष पनि मनाएका छौं। मधेशी सपुतहरुले स्वायत्त मधेश प्रदेश, संघीयता, समानुपातिक समावेशिता लगायतका लागि सहादत दिएको दिनको रुपमा हामी स्मरण गर्दैआएका छौं। ती मधेशी महान शहीदहरुको सहादतबाट नै अहिले हामी संघीयता पाएका छौं, प्रदेश २ को नाम मधेश प्रदेश भएको छ। यतिमा हाम्रो आन्दोलन सीमित हुनु हुँदैन। अहिले सीमांकनका कारण मधेशका जिल्लाहरुलाई टुक्रा-टुक्रामा विभाजन गरिएको छ। हाम्रा मुद्दाहरु अहिले टुंगिएको छैन। हामी आन्दोलनमै छौं। यो संविधान अपुरो र अधुरो छ भनेर हामी प्रत्येक वर्ष संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउँदै आएका छौं। यो संविधानलाई हामीले पूर्णरुपले अस्वीकार पनि गरेका छैनौं र स्वीकार पनि गरेका छैनौं। सबैको अधिकार संविधानमा अनुभूति हुने गरी संविधानमा संशोधन होस् भन्ने हामी चाहन्छौं। हामी शहीदको सपना पूरा गराएरै छाड्छौं।

**० मधेशकेन्द्रित दलहरु मिलेर एउटा शक्तिशाली राजनीतिक दल जसपा बनेको थियो तर अहिले विभाजन भएको अवस्थामा छ। यसले शहीदको सपना कसरी पूरा हुनसक्छ ?**

– यो दुर्भाग्यपूर्ण अवस्था हो। कुनै पनि आन्दोलनबाट एउटा शक्तिको निर्माण हुन्छ र त्यो शक्ति जब छिन्नभिन्न हुन्छ त्यसले एजेण्डालाई कमजोर बनाउँछ। जब गलत व्यक्ति नेतृत्वको ठाउँमा पुग्छ, त्यसले आन्दोलनलाई कमजोर नै बनाउँछ। हामीले आफ्नो मुद्दा सम्बोधन गराउनका लागि उपयुक्त समयको प्रतिक्षा गर्नुपर्ने हुन्छ। जबसम्म शासक दलहरु मजबुत हुन्छ, उसको सत्ता संकट हुँदैन तबसम्म तिनीहरुले मुद्दा सम्बोधन गर्न चाहदैन। जब कमजोर हुन्छ, उसको सत्ता संकटमा पर्छ अनि सम्बोधन गर्न तयार हुन्छ। त्यो मौकाको फाइदा उठाउने नेतृत्व हामीसँग छ। तर उपेन्द्र यादवको दम्भ र अहंकारका कारण त्यो असफल भयो। जतिबेलासम्म केपीको सरकार मजबुत अवस्थामा थियो त्यतिबेलासम्म मधेशको मुद्दा सुन्न चाहेन तर जब संकट पऱ्यो नि धमाधम मधेशका मागहरु पूरा गर्न थाल्नुभयो। त्यो बेला यदि उपेन्द्र यादवलगायतका नेताहरु इमान्दार भइदिएको भए हाम्रा धेरै मागहरु सम्बोधन भइसक्थ्यो। उपेन्द्र यादवको धोकाधडीका कारण आज मधेश आन्दोलनका मुद्दाहरु पूरा हुन सकेन। महन्थ ठाकुर नेतृत्वको पार्टी जतिबेला छोटो अवधि (१८ दिन) का लागि भएपनि सरकारमा बस्दा महत्वपूर्ण कामहरु भएको थियो। मधेश आन्दोलनका बेला लगाइएका झुठा मुद्दाहरु खारेज भयो, नागरिकता अध्यादेश जारी भएको थियो, रेशम चौधरीको मुद्दाबारे छलफल सुरु भएको थियो, संविधान संशोधनका लागि कार्यदल बनेको थियो। तर अहिले हेर्नुस्, उपेन्द्र यादवजीको पार्टी पहिला पनि डेढ वर्ष सरकारमा रह्यो र अहिले पनि छ। तर मधेशका के-के मागहरु पूरा गरायो ? जनताले सोधिरहेका छन्। उपेन्द्र यादवले पहिलादेखि मधेश र मधेशीसँग धोकाको राजनीति गर्दै आउनुभएको छ। आउने दिनमा जनताले समीक्षा गर्नेछ।

**० मधेश आन्दोलनका बेला मधेशका भित्ता-भित्तामा मधेश सरकार लेखिएको थियो। तर अहिले मधेशका आठ वटा जिल्लालाई मधेश प्रदेश घोषणा गरिएको छ। यसलाई कसरी हेर्नुभएको छ?**

– यो दुःखद पक्ष हो तर सकारात्मकरुपले हेरियो भने आंशिक उपलब्धि पनि हो। किनभने यो राज्यसत्ताले मधेश शब्द सुन्न चाहिरेको थिएन। त्यसैले आठ वटा जिल्लाको मधेश भएपनि त्यो एउटा उपलब्धि नै हो, यसले मधेश आन्दोलनका शहीदप्रति सम्मान नै भएको हो। यो आठ जिल्लाको मधेशलाई विस्तार गर्नुपर्ने हाम्रो मुख्य अभिभारा रहेको छ। आउने दिनमा मधेशका जिल्लाहरु जुन अन्य प्रदेशहरुमा राखिएको छ, ती सबैलाई समेट्ने गरी प्रदेशको निर्माण गर्नुपर्ने अभिभारा हो। मधेश आन्दोलनका बेला हामीले उठाएको स्वायत्त मधेश प्रदेशको माग बिर्सेका छैनौं। एक न एक दिन हाम्रो जीत अवश्य हुन्छ भन्नेमा विश्वस्त छौं।

**० भनेपछि तपाईंहरु आठ जिल्लाकै भएपनि मधेश प्रदेश स्वीकार गर्नुभएको हो ?**

– प्रदेश २ (मधेश प्रदेश)का साथीहरुलाई लागेको होला कि हामी सबै कुरा पाइसक्यौं। व्यक्तिगतरुपमा केही नेताहरुलाई फाइदा भएको होला। आठ जिल्लाको मधेश प्रदेश नामाकरणले सम्पूर्ण मधेशी खुशी भएका छैनन्। हाम्रा शीर्ष नेताहरुले भन्नुभएको छ कि हामी आंशिकरुपमा उपलब्धि पाएका छौं। हाम्रा मुद्दाहरु यथावत् छ। बाँकी मुद्दा पूरा गराउनका लागि हामी संघर्षमै रहन्छौं। मधेशका अन्य जिल्लाहरुलाई यस समेट्नका लागि हाम्रो आगामी दिनमा संघर्ष रहन्छ।

**० बाँकी जिल्लालाई समेट्न अब सम्भव देख्नुहुन्छ ?**

– बिल्कुल सम्भव छ। जनताले चाह्यो भने केही पनि असम्भव हुँदैन। यो देशमा वर्षौंसम्म राणा, राजाहरुले शासन गरे तर जब जनता आफ्नो अधिकारका लागि जागे ती सबैलाई फालिदिए। अहिले ठूला भनाउँदा दलहरुले स्वायत्त मधेश प्रदेश भनेर लिखित सम्झौता गरेका छन्। पटक-पटक सरकारकै स्तरमा र ती दलहरुले पनि लिखितरुपमा स्वीकार गरेका छन्। सुरुमा हामीले कञ्चनपुरदेखि झापासम्म समग्र मधेश प्रदेश भनेका थियौं। तर पछि समग्र मधेशमा दुई प्रदेशको अवधारणा ल्यायौं। झापादेखि नारायणी नदीसम्म एउटा प्रदेश र यता नारायणी नदीको कञ्चनपुरसम्म अर्को प्रदेश बनाउने सरकारीस्तरबाट स्वीकारिसकेको अवस्था छ। तर प्रदेशहरुको सीमांकन गर्ने बेलामा राज्यले हामीसँग बेइमानी गऱ्यो। मधेशका २२ जिल्लालाई ६ टुक्रामा विभाजित गरिदियो। राज्यको त्यहीं बेइमानीको विरुद्धमा हाम्रो आन्दोलन छ। बन्दुकको बलमा संविधान जारी गरियो, त्यसैले हामी संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउँदै आएका छौं।

**० जनतामा तपाईंहरु विश्वास गुमाउँदै गएको अवस्था छ नि ?**

– केही लोभीपापी र गद्दार नेताहरुका कारण जनतामा अविश्वासको वातावरण अवश्य देखिएको हो। तर जनताले त्यस्ताहरुलाई चिनिसकेका छन्। कुनै नेता बेइमान भए भनेर सबैलाई एउटै दृष्टिकोणले हेर्नु हुँदैन। हामी जहिले पनि मुद्दा सम्बोधनका लागि सरकारमा गएका थियौं। यसको ज्वलन्त उदाहरण हाम्रो नेता राजेन्द्र महतोको नेतृत्वमा केपी ओलीको सरकारमा १८ दिन मात्र बस्दा उल्लेखनीय कामहरु भएको थियो। हाम्रा अध्यक्ष महन्थ ठाकुरलाई प्रधानमन्त्री बन्न अफर आएको थियो तर उहाँले मुद्दालाई रोज्नुभयो। शासकसँग लड्नका लागि हाम्रा नेता राजेन्द्र महतोले मधेशी एकतामा जोड दिनुभयो। तर हाम्रा केही नेताहरु भ्रममा परेर मधेशलाई कमजोर बनाउनुभयो। त्यसैले जनताले बुझिसकेका छन् कि अब लोकतान्त्रिक समाजवादी पार्टीले मात्र शोषित पीडितको माग पूरा गराउन सक्छ। आगामी चुनावमा जनताले हामीलाई विश्वास गर्नुहुनेछ भन्ने अपेक्षा पनि लिएका छौं। मधेशी एकताको पक्षमा को छ, मधेशको मुद्दाको पक्षमा छ भन्ने कुरा समीक्षाको विषय हो।

**० आगामी चुनावमा कसरी प्रस्तुत हुने ?**

– हाम्रा मुद्दाहरु त यथावतै छ। जनसंख्याको आधार निर्वाचन क्षेत्रको निर्धारण, सीमांकन, नागरिकता, समानुपातिक समावेशिता लगायतका एजेन्डाहरु पूरा गराउन हामी जहिले पनि संघर्षरत् नै छौं। जनताले यहीं आधारमा हामीलाई विश्वास गर्नेछ। किनभने हामी मुद्दालाई सत्तासँग कहिल्यै पनि सम्झौता गरेका छैनौं। यसका ज्वलन्त उदाहरण जगजाहेर छ। छोटो अवधिका लागि सरकारमा जाँदा कति उपलब्धि हासिल भयो, त्यो कुरा जनताले पनि बुझिरहेका छन्।

# मधेश प्रदेशमा पचास प्रतिशतले लगाए पूर्ण खोप

जनकपुरधाम । मधेश प्रदेशमा हालसम्म ५० प्रतिशतले कोरोनाविरुद्धको पूर्ण ( दोस्रो मात्रा) खोप लगाएका छन् । पछिल्लो दुई साताको अवधिमा मात्रै प्रदेशका जिल्लामा कोरोनाविरुद्धको खोप लगाउने दर करिब १२ प्रतिशतले बढेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।




बढ्दै गएको कोरोना सङ्क्रमणको ग्राफ, खोपसम्बन्धी निरन्तरको प्रचार-प्रसार र स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण पछिल्लो समय खोप लगाउने दर बढेको हो । गत पुस २५ सम्म दोस्रो मात्रा खोप लगाउने १८ वर्षमाथि उमेर समूहको सङ्ख्या ३८ प्रतिशतमात्र रहेकामा पछिल्लो दुई साताको अवधिमा त्यो सङ्ख्या बढेर करिब ५० प्रतिशत पुगेको निर्देशनालयका निर्देशक विजय झाले जानकारी दिए ।

उनका अनुसार पूर्ण खोप लगाउनेको सङ्ख्या सर्लाहीमा ६३ दशमलव तीन, धनुषामा ५२ दशमलव छ, बारामा ५३ दशमलव छ, पर्सामा ५१ दशमलव एक, सप्तरीमा ४७ दशमलव सात, सिरहामा ४६ दशमलव आठ, रौतहटमा ३९ दशमलव छ र महोत्तरीमा ३६ दशमलव छ प्रतिशत पुगेको छ । यस्तै १८ वर्षभन्दा माथि उमेर समूहका एक मात्रा मात्र खोप लगाउनेको सङ्ख्या भने करिब ५९ प्रतिशत छ । त्यसमध्ये सर्लाहीमा ७५, बारामा ७०, पर्सामा ६५, सिरहामा ६३, महोत्तरीमा ६९, धनुषामा ६४, सप्तरीमा ६१ र रौतहटमा ४५ प्रतिशत रहेको निर्देशक झाले बताए । उमेरका हिसाबले १८ वर्षभन्दा माथि उमेर समूहका भन्दा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकामा खोप लगाउनेको सङ्ख्या बढी छ ।

निर्देशक झाका अनुसार मधेश प्रदेशमा १२ देखि १७ वर्ष उमेर समूहका करिब ६२ दशमलव दुई प्रतिशतले खोप लगाइसकेका छन् । सरकारले २०७८ पुस मसान्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड- १९ विरुद्धको खोप लगाउने लक्ष्य लिएकामा मधेश प्रदेशमा सो लक्ष्य पूरा हुन नसके पनि विगतको भन्दा अहिले खोप लगाउनेको दरमा वृद्धि भएको छ । कोरोना सङ्क्रमणको ग्राफ पहिलो र दोस्रो लहरकै झैं बढ्दै गए पनि सङ्क्रमितमा अघिल्लो सङ्क्रमणको जस्तो स्वास्थ्य जटिलता भने नदेखिएको चिकित्सकले बताएका छन् ।

यता कोरोनाको तेस्रो लहर आउन सक्ने जोखिमलाई दृष्टिगत गरी धनुषा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले स्वास्थ्य सतर्कतामा कडाइ गर्ने निर्णय गरेको छ । भारतीय सीमासँगै जोडिएको सीमानाकामा हेल्थ डेक्स स्थापना गरी एन्टिजेन विधिबाट स्वास्थ्य जाँच गर्न निगरानी बढाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए । जिल्लाको जनकनन्दनी गाउँपालिकाको इनर्वा, खजुरी गाउँपालिकाको महुवास्थित भारतीय सीमानाकामा हेल्थ डेक्स स्थापना गरिसकेको र नगराइन गाउँपालिकाको जटहीमा हेल्थ डेक्स स्थापना गर्ने तयारी भइरहेको उनको भनाइ थियो । यसबाहेक अग्रपङ्क्तिमा रहेर काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मी लगायतलाई बुस्टर डोज खोप लगाउने तयारी भइरहेको जानकारी दिँदै प्रजिअ पौडेलले माघ ७ गतेदेखि खोप कार्ड अनिवार्य लागू गराउन जिल्लास्थित सबै निकायलाई पत्राचार गरिसकेको जानकारी दिए ।

मधेश प्रदेशमा कोरोना सङ्क्रमितको उपचारका लागि १५ शय्या, अस्पतालमा ३४६ आइसोलेशन शय्या, १९२ एडीयू शय्या, ९१ आइसीयू शय्या, ६३ भेन्टिलेटर छन् भने एक हजार ९६५ थान अक्सिजन सिलिन्डर मौज्दात रहेको निर्देशनालयले जनाएको छ । यस्तै प्रदेशभर १२ वटा पिसीआर परीक्षण उपकरणबाट कोभिड-१९ जाँच हुँदै आएको जनाइएको छ ।

# शीतलहरले मधेशको जनजीवन प्रभावित

जनकपुरधाम । पछिल्लो चार दिनदेखि मधेश प्रदेशमा चिसो अत्यधिक बढेको छ । दिउँसो बिहान चल्ने चिसो हावाले शीतलहर र बिहान र राति लाग्ने हुस्सुले जनजीवनलाई थप प्रभावित बनाएको छ । हुस्सु र शीतलहरले जनकपुरधामसहित मधेश प्रदेशबाट हुने हवाइ सेवासमेत प्रभावित भइरहेको छ । चिसोको कारण तीन जनाको मृत्यु भएको छ ।



चिसोको कारण बिरामी हुनेको संख्या उच्च रहेको छ । प्रदेशिक अस्पताल जनकपुर र यहाँका निजी हस्पिटल तथा निजी क्लिनिकहरूमा बिरामी भएर आउनेको संख्या बढी देखिएको प्रदेशिक अस्पताल जनकपुरमा कार्यरत चिकित्सक केडी दासले बताए ।

उपचारका लागि चिसो कारण स्वास प्रस्वासमा समस्या भएका, हाड जोर्नी दुख्ने, रुघाखोकीलगायतका बिरामी बढी आउने गरेको उनले बताए । निजी क्लिनिकहरुमा चिसोले बिरामी भई आउने बालबालिकाको संख्या बढिरहेको छ । चिसोमा शारीरिक गतिविधि कम हुने भएकोले खानपिन बढी, तौल बढने लगायतका कारण रक्तचाप, र मधुमेहको जस्ता रोगको समस्या बढी हुने उनले बताए ।

यसैबीच, अत्यधिक चिसो बढेपछि जनप्रतिनिहरुले ठाँउ ठाउँमा दाउरासमेत वितरण गरेका छन् । जनकपुरधाम उपहमनगरपालिका- १ एक वडा अध्यक्ष सत्रुधन साहले चिसो कारण वडाभित्र दाउरा वितरण गरेको बताए । चिसो छल्न आगो ताप्ने क्रममा आधा दर्जनजति मानिस घाइते भएका मधेश प्रदेशका प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

त्यसैगरि, चिसो बढेपछि मधेश प्रदेश सरकारले गरिब विपन्नहरूलाई कम्बल वितरण गरेको प्रदेश आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरतप्रसाद साहले बताए । मन्त्री साहका अनुसार प्रदेश सरकारले पहिलो चरणमा दुई हजार १०० कम्बल वितरण भइसकेको छ भने दोस्रो चरणको लागि खरिद भइरहेको छ ।

केही दिनअघि मधेश प्रदेश सरकारले चिसो र कोरोना भाइरसको रोकथाक तथा औषधि उपचारमा सहज प्रदान गर्न मुख्यमन्त्री लालबाबु राउतले पनि सबै सरोकारवाला निकायलाई निर्देशनसमेत दिएका थिए ।

**सर्लाहीमा पनि जनजीवन प्रभावित**

यस्तै लगातारको चिसो स्याठ, हुस्सु र शीतलहरका कारण सर्लाही जिल्लाको जनजीवन प्रभावित बनेको छ । पाँच दिनदेखि घाम नलागेर हुस्सुर कुहिरो लाग्दा जिल्लामा अत्यधिक चिसो महसुस भइरहेको हो ।

पाँच दिनयता लगातार बढेको चिसो र दुई दिनदेखि सुरु भएको शीतलहरले जिल्लामा विपन्न तथा न्यानो कपडाको जोहो गर्न नसक्ने गरिब समुदाय संकटमा परेका छन् । चिसो छल्न दिनरात आगो तापे बस्नु पर्ने बाध्यता आइपरेपछि दैनिक ज्याला मजदुरी गर्ने परिवारलाई थप समस्या परेका छ ।कठ्यांग्रिदो चिसोसँगै हुस्सु र कुहिरोले बिहानैदेखि नजिकैको दृश्यसमेत नदेखिने अवस्था छ । बिहानदेखि चिसो स्याँठसमेत चल्ने गरेको छ । बिहीबार बिहानबाट भने शीतलहर चलिरहेका कारण सर्वसाधारण थप कठ्यांग्रिएका छन् । चिसो छल्न जिल्लावासीले जसोतसो, आ-आफ्नो घर तथा चोक बजारमा आगो बालेर तापिरहेका छन् । घाम नलागेर कठ्यांग्रिदो चिसो बढेपछि बालबालिका र वृद्धवृद्धामा धेरै प्रभावित परिरहेको छ ।

चिसोले शारीरिक रूपमा कमजोर रहेका स-साना बालबालिका, वृद्धवृद्धाहरुलाई धेरै जोखिम रहने चिकित्सकहरूको सुझाव छ । चिसोका कारण अहिले रुघाखोकी लाग्ने, घाँटी, टाउको र छाती दुख्ने, ज्वरो आउने समस्याका विरामी प्रत्येक घरका रहेका छन् । यस्ता लक्षणका कारण कोरोना संक्रमणको जोखिम आशंकाले समुदायका थप त्रास सृजना गरेको छ । अत्यधिक चिसोको समयमा यस्ता लक्षणका विरामी देखिनु सामान्य भएकाले नआत्तिन र सुरक्षितसँग विरामीको ख्याल गर्न मलंगवास्थित स्तुति सौम्य अस्पतालका चिकित्सक डा. गुणेश्वर झाले सुझाव दिए ।


# सूचना ! सूचना !! सूचना !!!

## वर्कशप दर्ता तथा नवीकरण सम्बन्धमा

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १५९ बमोजिम यातायात व्यवस्था विभागलाई रहेको अधिकारअन्तर्गत कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४ को बुँदा नं. ३ को वर्गीकरणमा उल्लेख भएको वर्ग क, ख, ग र घ को कारखाना तथा वर्कशप दर्ता गरी अनुमति प्रदान गर्ने तथा नवीकरण गरी अनुगमन गर्ने अधिकार सोही ऐनको दफा १७० बमोजिम यस यातायात कार्यालय, जनकपुरमा दर्ता र नवीकरण गराउनका लागि कारखाना तथा वर्कशप नवीकरण म्याद ५ वर्ष वा सो भन्दा बढी भइ नवीकरण गरेका कारखाना तथा वर्कशपधनीले आफ्नो कारखाना तथा वर्कशप पुनः दर्ता वा दर्ता खारेज गरी लगत कट्टा गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र एकमुष्ट र नवीकरण दस्तुर बुझाएमा प्रचलित कानूनबमोजिम लाग्ने जरिवानामा छुट दिइने छ । सोका लागि वर्कशप तथा नवीकरण गराउन आवश्यक कागजातसहित यस यातायात व्यवस्था कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश सरकार
मधेश प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था कार्यालय
जनकपुरधाम, धनुषा


## संक्षिप्त समाचार

### मधेश प्रदेशका मुख्यमन्त्रीको पुतला दहन

वीरगन्ज । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको पुतला दहन गरिएको छ । वीरगन्जलाई राजधानी नतोकिएको भन्दै मुख्यमन्त्रीको पुतला दहन गरिनुका साथै उनको घरमा ढुंगामुढा प्रहार गरिएको छ । प्रदेशसभाबाट सोमबार प्रदेश २ को राजधानी जनकपुर निर्धारण भएपछि साँझ वीरगन्जको घन्टाघर चोकमा मुख्यमन्त्रीको पुत्ला जलाइएको थियो । वीरगन्ज राजधानी नतोकिएको विरोधमा कांग्रेस वीरगन्ज महानगर समितिले मंगलबार अपराह्न २ बजेदेखि मोटरसाइकल र्‍याली‍को आयोजना गरेको थियो । हातमा कालोपट्टी बाँधेर निस्किएको र्‍याली पावरहाउस चोकतर्फ जाने क्रममा राधेमाईस्थित मुख्यमन्त्रीको घरतर्फ मोडिएको थियो । र्‍यालीमा सहभागी एक युवाले ढुंगा प्रहार गर्दा घरको सिसा फुटेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । र्‍याली पावरहाउस जाने जानकारी गराइएको थियो ।

### ८ जिल्लाको मधेशप्रति जनमतको आपत्ति

जनकपुरधाम । मधेशका ८ वटा जिल्लालाई मात्रै मधेश प्रदेश घोषणा गरेको भन्दै डा.सीके राउत नेतृत्वको जनमत पार्टीले आपत्ति जनाएको छ । जनमतका शीर्ष नेताहरुले आठ जिल्लाको मधेशप्रति असन्तुष्टि जनाएका छन् । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष अब्दुल खानले ८ जिल्लाको मधेश प्रदेश आफूहरुलाई मान्य नरहेको बताएका छन् । झापादेखि कंचनपुरको जनभावना विपरित ८ जिल्लाको मधेश प्रदेश नामाकरण गर्नु मधेश विद्रोहको भावनाविपरीत रहेको खानले बताएका छन् । उनले भनेका छन्, 'यो अधुरो, अपुरो नाम राखेर मधेशको हत्या मान्य छैन ।'

### मन्त्री रेणु यादवलाई कालो झण्डा

रौतहट । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवलाई कालो झण्डा देखाउने जनमत पार्टीका पाँच जना कार्यकर्ता पक्राउ परेका छन् । रौतहटको सदरमुकाम गौरस्थित जनमत पार्टी लगायतका किसानहरुले कालो झण्डासहित बिरोध प्रदर्शन गरेका थिए । किसानको माग पुरा नभएसम्म संघीय सरकार एवं प्रदेश सरकारका मन्त्रीहरुलाई मधेश प्रवेशमा निषेध गरेको जनमत पार्टीले पत्र पनि जारी गरेको थियो । मधेश बलिदानी दिवस २०७८ को अवसरमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेनु यादवले समाजवादी युवा संघ नेपाल रौतहटको जिल्ला स्तरीय युवा भेला सभाको प्रमुख अतिथिको रुप आगमन हुनुपूर्व कालो झण्डासहित विरोध गरेका जनमत पार्टी केन्द्रीय सदस्य ललित मलित सानुले बताए । विरोध प्रदर्शन गौर बजारस्थित रहेको गुप्ता पेट्रोल नजिक चौकदेखि बिपि चौकसम्म कालो झण्डासहित नाराबाजी गरिएको हो । ठाउँ-ठाउँमा नाराबाजी, टायर बाली प्रदर्शन गर्दा प्रहरी र जनमत पार्टी नेता कार्यकर्ताबीच झडप पनि भएको थियो । ज्वाला रणविर, साहालम, प्रभु यादव, अशोक सिंह, जोखन जयसवालसहित पक्राउ परेको केन्द्रीय सदस्य ललित मल्लित सानुले बताए ।

### वीरगञ्जमाथि गद्दारी भयो : प्रदीप यादव

वीरगञ्ज । जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले प्रदेश २ को राजधानी वीरगञ्जलाई नबनाएकोमा असन्तुष्टि जनाएका छन् । बलिदानी दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले हरेक पार्टीका अध्यक्षहरुले वीरगञ्जमाथि गद्दारी गरेको आरोप लगाए । 'हरेक आन्दोलनमा वीरगञ्जको अग्रणी भूमिका छ । तर वीरगञ्ज सधैं ठगिएको छ,' सांसद यादवले भने, 'वीरगञ्जलाई राजधानी नबनाउनुमा सबै पार्टीका राष्ट्रिय अध्यक्ष दोषी छन् ।' प्रदेशसभाले सोमबार स्थायी राजधानी जनकपुर र प्रदेशको नाम मधेश प्रदेश राख्ने निर्णय गरेको थियो । प्रदेशको नाम मधेश राखेकोमा भने खुशी व्यक्त गर्दै यादवले भने, 'अब कसैले दुई नम्बरीया प्रदेश भन्दैन ।'

### प्रदेश १ का प्रमुख र आयोगका अध्यक्षबीच भेट

विराटनगर । प्रदेश नं. १ का प्रदेश प्रमुख परशुराम खापुङलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नेपालका अध्यक्ष युवराज सुवेदीले भेट गरेका छन् । भेटमा अध्यक्ष सुवेदीले प्रदेश नं. १ मा बेपत्ता पारिएका व्यक्तिहरुको नामावली, परिचयपत्र सम्बन्धि जानकारी गराएका थिए । २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उलङ्घन गरी बलपूर्वक बेपत्ता परिएका व्यक्तिहरुको सम्बन्धमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य पत्ता लगाएर पीडितलाई परिपूरणको व्यवस्था र कानुनी कारबाहीको लागि सिफारिस गर्न आयोगको गठन भएको हो । आयोगले ७०० घर परिवारको २८ सय जनालाई परिचयपत्र उपलब्ध गराइसकेको अध्यक्ष सुवेदीले प्रदेश प्रमुखलाई जानकारी दिए । प्रदेश प्रमुख खापुङले यो राष्ट्रिय समस्या भएकोले यसलाई सबैले सहयोग गरेर आयोगलाई सघाउनुपर्ने धारणा राखेका थिए । त्यसैगरी परिचयपत्र पाएका राज्यले सुविधा दिलाउन सरकारलाई आग्रह गर्ने प्रतिवद्धता पनि जनाएका थिए ।

### महासंघको चौथो बैठक सम्पन्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुको तिलौराकोटमा बसेको नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको चौथो पूर्ण बैठकले ९ बुदे घोषण पत्र जारी गर्दै बैठक सम्पन्न भएको छ । कपिलवस्तु शाखाको आतिथ्यतामा पुष ३० गते तिलौराकोटमा बैठक बसेको थियो । महासंघका महासचिव रोसन पुरीद्धारी जारी घोषण पत्रमा निम्न बुदा समावेश गरिएको छ । नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पछिल्लो अवस्थालाई हेर्दा प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि भइरहेको छ । पेशागत असुरक्षाका घटनाक्रमहरु बढिरहेकोमा यसप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि यो बैठक सम्बन्धित सरोकारवाला पक्षसँग जोडदार माग गरेको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, बनेका र बन्दै गरेका विभिन्न कानूनहरुका विषयमा नेपाल पत्रकार महासंघले गम्भीरतापूर्वक सुक्ष्म अध्ययन गरिरहेको छ । लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेशलगायतका प्रदेश सरकारहरुले अगाडि बढाएका सञ्चार कानूनहरु नेपालको संविधानअनुकूल तथा प्रेस स्वतन्त्रतामैत्री बनाउन सम्बन्धित प्रदेश सरकारहरुसँग आग्रह गर्दछौं । जनप्रतिनिधिको सर्वोच्च निकाय प्रतिनिधिसभा लामो समयदेखि अवरुद्ध हुँदा संविधानले प्रत्याभूत गरेका पूर्ण प्रेस स्वतन्त्रताका लागि संविधानमा गरिएका व्यवस्था तथा त्यस आधारमा बनेको आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नका लागि आवश्यक कानून निर्माण हुन सकेका छैनन् । राजनीतिक गतिरोधलाई तत्काल अन्त्य गर्न महासंघको यो बैठक माग गर्दछ । न्यायालयमा देखिएको गतिरोध अन्त्यका लागि महासंघ सरकार र राजनीतिक दलको गम्भीर ध्यानाकर्षण गराएको छ ।

### सामुदायिक विद्यालय माघ १५ सम्म बन्द

महोत्तरी । शीतलहर र बाक्लो हुस्सुको कारण जनजीवन प्रत्यक्ष रुपमा प्रभावित भएपछि महोत्तरीको गौशाला नगरपालिकाले अगामी माघ १५ गतेसम्मका लागि सामुदायिक विद्यालयमा बिदा दिएको छ । यसअघि माघ ४ गतेसम्मका लागि दिइएको जाडो बिदा बढाएर माघ १५ गतेसम्म कायम गरिएको हो । नगरपालिकाको कार्यालयले बिहीबार एक सूचना प्रकाशन गरी कोभिड-१९ को भयावह अवस्था र अत्याधिक बढेको चिसोपनले जनजीवन अस्तव्यस्त भएपछि सामुदायिक विद्यालयमा अगामी माघ १५ गतेसम्मको लागि बिदा मिलाइएको जनाएको छ । कोभिडको प्रकोप र शीतलहरको कारण स-साना बालबालिका विद्यालय जान असमर्थ रहेकाले नगरपालिकाले सो निर्णय गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विरेन्द्रजंग थापाले बताए । यस अवधिमा भौतिक रुपमा पठनपाठन गर्ने अवस्था नरहेकोले बैकल्पिक माध्यमले पठनपाठन गराइने व्यवस्था मिलाउनका लागि नगरपालिकाले सम्बन्धित सबैमा अनुरोध गरेको छ । यसअघि देशभरका सामुदायिक विद्यालय बन्द रहेको समयमा गौशाला नगरपालिकाले माघ ५ गतेदेखि विद्यालय पूर्ववत रुपमा सञ्चालनका लागि आग्रह गरेको थियो ।

### महोत्तरीमा एमालेको अधिवेशन फेरि स्थगित

महोत्तरी । एमाले महोत्तरीको जिल्ला अधिवेशन कोरोनाको कारण देखाउँदै फेरि सरेको छ । बुधबार र बिहीबारका लागि तय भएको जिल्ला अधिवेशन कोरोना संक्रमणका कारण सरेको हो । सरकारले २५ जनाभन्दा बढी भेला हुन नपाइने, सभा, सम्मेलन गर्न नपाउने जस्ता निर्देशन जारी गरेपछि अधिवेशन स्थगित गरिएको एमालेले जनाएको छ । तर यो आचारसंहिता नभएको भए पनि जिल्ला अधिवेशन गर्न नसकिने एमालेकै नेताहरूको तर्क छ । अधिवेशनको तयारीका लागि बनाइएको जिल्ला आयोजक कमिटीमा विवाद हुन्जेल अधिवेशन हुनै नसक्ने एकथरी नेताको ठोकुवा छ भने अर्कोथरी नेताहरूले आयोजक कमिटी बनाएर सपथग्रहणसमेत गराइसकिएको दाबी गरेका छन् ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# मधेशमा आतंककारी डाक्टर ?



ई.कौशल गोपालवंशी

विदेशीको प्रयोगशाला बन्दै छ मधेश । मधेशमा विभिन्न विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेर रिसर्चको काम गर्दै गरेको देखिन्छ । हुन त मधेशमा रहेको धेरै तथ्य बाहिर नआएकोले यहाँ ग्रामीण स्तरको रिसर्चको एकदम आवश्यकता देखिन्छ । यसै सिलसिलामा बाहिरबाट आफूलाई वैज्ञानिकको उपाधी लिएर आएको एक जना व्यक्तिको रिसर्चका कारण कतिपय युवामा मानसिक परिवर्तन भएको देखिएको छ । यी रिसर्चरको रिसर्च क्षेत्र युवा पिढी रहेको देखिन्छ । यसले युवा पिढिलाई भौतिक भन्दा काल्पनिक संसारको सपना देखाएर उनीहरुको मनोविज्ञानसँग खेलवाड गर्दै देखिन्छ ।

शुरुआतमा यी रिसर्चरले सबैलाई काल्पनिक देशको नागरिक बनाइदिने ठूलो सपना देखाउनु भको थियो । यिनले वर्तमान भन्दा छुट्टै नयाँ संसारको सपना देखाउने कार्यको शुरूवात मधेशी युवाहरू जो बाहिर प्राविधिक अध्ययनको सिलसिला गएको विद्यार्थी वर्गलाई निशाना बनायो । हुन त बिद्यार्थी अर्थात किशोर ( teenager) लाई वास्तविक भन्दा यस्तै काल्पनिक सपना देखाउने मान्छे



मन पर्छ । शायद यहि भएर होला यिनको रिसर्चमा तिनै युवा सामिल भए । तर समय बित्दै जाँदा ती युवाहरू काल्पनिकलाई वास्तविकतामा हेर्न खोज्न थाल्यो, तर वास्तविक त काल्पनिकभन्दा धेरै फरक भएकोले ती युवाहरुले साथ छोड्दै गरेको देख्दा यिनले फेरि रिसर्चरको तरिका बदलियो र काल्पनिक संसारलाई छोडेर वास्तविकताको संसार आएको देख्दा झन् सबै सार्थकहरुले हामीलाई भ्रममा राखेको भनेर यिनलाई छोड्न थाल्यो र अन्तमा करिव १०-१५% मात्र पुराना सार्थकहरु बाँकी रहयो । यहाँसम्म रिसर्चरको रिसर्च उनका सार्थक र भर्खरका युवामा मात्र सीमित थियो ।

तर जब यिनले आफ्ना रिसर्च आमजनतातिर बढायो तब यिनको आतंक देखिन थालियो । यिनका अनुयायीले सामाजिक संजालमा प्रयोग गरेको शब्दहरुले नै आतंकको शुरूवात गरेको छ । आफू मात्र जान्ने अनि बाँकीको सबैलाई मुर्ख जसरी गरिएको व्यवहारले नै यिनी र यिनका सार्थकलाई कति चोटि आतंककारीको रुपमा गिरफ्तार गरिएको थियो ।

घट्दै गरेको सार्थक देखेर यिनले जसरी पनि आफूलाई बलियो सावित गर्न हदैसम्मको निच हर्कत गरेको देखिन्छ । यिनले आफ्नो आतंक जसरी पनि फैलाउन खोजेको देखिन्छ । यिनले आतंक फैलाएर नै जनमत बटुल्न खोज्दै गरेको देखिन्छ । कहिले कुनै कमजोर कर्मचारीलाई निशाना बनाउँछ भने कहिले किसानको घरमा भएको भैंसी गोरु बाखा खोलेर सडकमा आतंक फैलाएको देखिन्छ ।

यिनले फैलाउने आतंकमा प्राय रोबर्टको प्रयोग गरेको देखिन्छ । यिनका रोबर्ट र अबुझ जनावर बिचको तालमेल पनि मिलेकै देखिन्छ जसले सडक सडकमा जनावर र रोबर्टको आतंकले आमजनता त्रसित छन् ।

यसरी रोबर्टले सधैं जनतालाई त्रसित बनाउने काम गर्दै गरेको देखिन्छ । जसरी युद्ध हुँदा गोली खानलाई रोबर्ट अगाडि राखेर सेनाहरु पछाडि बसेर सुरक्षित हुन्छ त्यसरी नै यी रिसर्चरले ठाउँ-ठाउँमा रोबर्टलाई राखेर आतंक फैलाउँदै छ ताकी कुनै घटना भएपनि क्षति चाहि रोबर्टलाई हुने अनि आफू सुरक्षित हुने व्यवस्था मिलाएको हो । यसरी रिसर्चरको ज्ञान दिनप्रति दिन मधेशीका लागि आशिर्वादभन्दा अभिषाप बन्दै गएको देखिन्छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।


## अस्पतालमा १७ हाइ डिपेन्डेन्सी बेड

सर्लाही । जिल्ला अस्पताल मलङ्गवाले कोरोना भाइरस संक्रमितको उपचारका लागि १७ वटा हाइ डिपेन्डेन्सी ( एचडियू) बेड तयार पारेको छ । अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने अवस्थाका बिरामीको उपचारका लागि १७ वटा एचडियू बेड छुट्याएर राखिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नवलकिशोर झाले जानकारी दिए । अस्पतालमा ६५ थान अक्सिजन सिलिण्डर र ४० अक्सिजन कन्सन्ट्रेटर तयारी अवस्थामा राखिएको पनि उनले बताए । उनले भने, 'अब गम्भीर अवस्थाका संक्रमितको उपचार जिल्लामै गर्न सकिन्छ ।' अस्पतालको पुरानो भवनलाई कोभिड वार्डको रुपमा छुट्याइएको छ । अस्पतालमा अक्सिजन प्लान्ट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको बताइएको छ । कोरोना संक्रमण बढेपछि जिल्ला अस्पताल मलङ्गवामा पीसिआर ल्याब पुनः सञ्चालनमा ल्याइएको छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### लोसपा कार्यालयमा मनाइयो बलिदानी दिवस

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मधेश विद्रोहको १५ वर्ष पूरा भएको अवसरमा शहीदहरुप्रति श्रद्धासुमन व्यक्त गरेको छ । संघीय राजधानी काठमाडौंको बबरमहलस्थित लोसपाको केन्द्रीय कार्यालयमा बुधबार १५औं बलिदानी दिवस मनाइएको हो । बलिदानी दिवसको अवसरमा लोसपा अध्यक्ष महन्थ ठाकुरलगायतका नेता कार्यकर्ताहरुले शहीदहरुको तस्वीरमा माल्यार्पण गरी श्रद्धासुमन व्यक्त गरेका छन् ।

### लोसपाद्वारा जानकी मन्दिरमा दीप प्रज्वलन

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल धनुषाले प्रदेश २ को नाम मधेश र स्थायी राजधानी जनकपुरधाम तोकिएको खुशियालीमा जानकी मन्दिरमा दीप प्रज्वलन गरेको छ । लोसपा नेपाल धनुषाले मंगलबार साँझ जानकी मन्दिर प्रांगणमा दीप प्रज्वलन गरी खुशियाली मनाएको छ । लोसपा धनुषाका नेता कार्यकर्ताहरुले दीप प्रज्वलन गरी शुभकामना आदान-प्रदान गरेका छन् ।

### ढुंगामुढा गर्ने पक्राउ परेका युवक रिहा

वीरगन्ज । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको घरको ढुंगामुढा गरेको आरोपमा पक्राउ परेका युवक रिहा भएका छन् । मधेश प्रदेशको राजधानी वीरगन्ज नबनाएको भन्दै विरोध प्रदर्शनमा मुख्यमन्त्री राउतको घरमा ढुंगामुढा गरेको आरोपमा वीरगन्ज- १, छपकैयाका २६ वर्षीय सुमन पटेल पक्राउ परेका थिए । प्रहरीले उनलाई ढुंगामुढा गरेपछि नियन्त्रणमा लिएर आपराधिक उपद्रवसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको थियो ।

### मोटरसाइकलको ठक्करबाट मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-४ लियास्थित सडकमा से.६ प ८७८६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका मेलडाड बस्ने ५५ वर्षीया मनसरा न्यौपानेको मृत्यु भएको छ । आइतबार साँझ ठक्करबाट गम्भीर घाइते भएकी उनको मेडिल कलेज कोहलपुर नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित चार जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-११ बस्ने बिरेन्द्र थारुको घरबाट ५ सय ९० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित ४ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बैजनाथ गाउँपालिका-३ बस्ने ६४ वर्षीय रामचरण थारु, २५ वर्षीय सुरज थारु, २७ वर्षीय ध्रुव कुमार थारु र ३६ वर्षीय सुन्दर राम थारु रहेका छन् । बिरेन्द्र थारुको घरमा लागूऔषध ब्राउनसुगरको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले तलासी गर्दा उनीहरुलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### स्रोत नखुलेको नगदसहित एक पक्राउ

रौतहट । बौधीमाई नगरपालिका-७ बाट स्रोत नखुलेको नगद ३ लाख ६८ हजार ६ सय रुपैयाँसहित १९ वर्षीय यसराज जयसवाललाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारत बिहार मोतिहारी थाना घोडासहन बस्ने जयसवाल नेपालतर्फ आउदै गरेको बीआर ०५ एएन ६०८२ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी बंकुलबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त नगद सहित फेला पारी मोटरसाइकल चालक जयसवाललाई पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ ।१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा सुनवर्षी नगरपालिका-७ बरडंगा बस्ने २२ वर्षीय सुरेन्द्र रिषिदेवलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । सुरेन्द्रले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### टिपरको ठक्करबाट एकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१४ पार्वतीपुरस्थित सडकमा भे.१ क १९९९ नम्बरको टिपरको ठक्करबाट नेपालगंज उपमहानगरपालिका-७ बस्ने ३५ वर्षीय त्रिलोक केसीको बुधबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-३ सखुलीपथस्थित सडकमा प्रदेश ३-०२-०१२ प ८२५४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई गएराति दुर्घटना हुँदा मोटरसाइकल चालक सिद्धार्थनगर नगरपालिका-१३ बस्ने २७ वर्षीय प्रतिक शाहीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### महिला मृत फेला

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-२ तिलौराकोट साझेदारी बनको कार्यालय नजिक सोही नगरपालिका-२ गोरुसिङे बस्ने ६० वर्षीया फुलमती बिक बुधबार मृत अवस्थामा फेला परेकी छन् ।

### लागूऔषधसहित एक जना पक्राउ

मोरङ । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट रानीबाट खटिएको सशस्त्र प्रहरीले एभिल १३ एम्पुल तथा ९ एम्पुल डाईजिल्यापसहित मोरङ्ग जिल्लाको बिराटनगर महानगरपालिका १६ हुलास चोकबाट एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुनसरी जिल्लाको ईटहरी उपनगरपालिका ४ बस्ने २२ वर्षिय बिपिन क्षेत्री छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका निज क्षेत्रीलाई गस्तीमा खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उक्त लागूऔषध फेला पारेको हो । सशस्त्र प्रहरीले पक्राउलाई परेका क्षेत्रीलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाएको छ ।

### तिनाउ खोला किनारा महिला मृत फेला

रुपन्देही । बुटवल उपमहानगरपालिका-११ बस्ने ललितपुर, ललितपुर महानगरपालिका-४ घर भएकी ५० वर्षीया सुमीत्रा सुनार सोही ठाउँस्थित तिनाउ खोलाको किनारमा आइतबार मृत अवस्थामा फेला परेकी छन् ।

### अवैध औषधि सहित २ जना पक्राउ

मोरङ । रतुवामाई नगरपालिका-९ भौडाबाट २ हजार ट्याब्लेट अवैध औषध ट्रामाडोल हाईड्रोक्लोराइड क्याप्सुल सहित २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनवर्शी नगरपालिका-६ बस्ने ३२ वर्षीय श्रवणकुमार ताजपुरीया र सुनवर्शी नगरपालिका-७ बस्ने ३० वर्षीय कार्तिक चन्द दास रहेका छन् । प्रदेश १-०२-०४६ प ७८६९ नम्बरको मोटरसाईकलमा सवार उनीहरूलाई प्रहरी चौकी ईटहराबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । उनीहरुलाई थप अनुसान्धानको लागि औषधि व्यवस्था विभाग विराटनगर पठाइने ईलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ ।

### बालिकाको शव फेला

बाँके । बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका ४ गुन्जनगौरी नजिकैको खोलामा डुवेकी एक वालिकाको शव सशस्त्र प्रहरीले पौष ३० गते फेला पारेको छ । सोही ठाउँ बस्ने १० वर्षिया डल्ली बि.क. उक्त खोलामा डुवेर बेपत्ता भएको भन्ने खबर पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट गुन्जनगौरीबाट खटिएको सशस्त्र प्रहरीले उनको शव फेला पारेको हो ।

# मुसहरले अन्तर्राष्ट्रिय भुईया दिवस मनाए

सर्लाही । “अप्पन संस्कृति अप्पन स्वाभिमान, तोडु विभेदके जंजिर, देखु वीर पुर्खाके नजिर” मुल नाराको साथ तेस्रो पटक **अन्तर्राष्ट्रिय भुईया दिवस** मनाइएको छ ।

**अन्तर्राष्ट्रिय भुईया दिवस** बचाई सदाको अध्यक्षतामा, न्याय, जिवनरक्षा र वकालत गर्ने दलित अधिकारकर्मी चन्देश्वर सादा ज्यूको प्रमुख अतिथि, तथा समाजसेवी अभियानी भारत विहारको डा. हुलेश माझी, पुर्व सासंद असर्फी सदा सहित मुसहर समुदायको अगुवा रामस्वरुप सदा, बद्री सदा, मिसन गायक नन्द विहारी, ललकु सदा, सलिता सादा, लगायत शिक्षित, बुद्धिजीवि, समाजसेवी, वडा अध्यक्षहरु लगायत ब्यक्तिहरुको उपस्थितिमा मनाएका छन् ।

मुसहर समुदायको वर्तमान अवस्था, त्यसका जडकारण र समाधानका उपायहरुवारे मन्तब्य राखिदै उम्लिरहेको तातो दुधले नुहाउने अपटौनी पुजा, मोरङ्गका कलाकार नविन, सुदेशी, विरु रिषिदेव द्धारा साँस्कृतिक कार्यक्रम गरी दिवस मनाएका छन् ।



बाचेको एक मात्र मुसहर समुदायको संस्कृती तातो दुधले नुहाई गर्ने दिनाभद्रीको अपटौनी पुजालाई बचाइ राख्न, उहाँको पहिचान तथा पराक्रमलाई स्थापित गर्न, भुईयाको अर्थ भुमि भएकोले मुसहर र भुमि बीचको सम्वन्ध र मुसहर समुदायको पुर्खाले भुमिपुत्रको रुपमा गरेको कर्मलाई जनमानस समक्ष ल्याउन, माघ १ गते सबै मुसहर जाति एकै साथ मनाउने भएकोले राष्ट्रिय पर्वको रुपमा स्थापित गर्न, भुमिको राजा भएको मुसहर कसरी भुमिहिन भएर दैनिक जिवन गुजारिरहेको तथ्य जनमानस समक्ष पुर्याउन, अन्तर्राष्ट्रिय स्तरमा मुसहर समुदायको साँस्कृति, समबन्ध तथा समस्या स्थापित गर्न अन्तर्राष्ट्रिय भुईया दिवस मनाइएको भोरको अध्यक्ष पचुलाल माझीले बताए । अन्तर्राष्टिय भुईया दिवसको आयोजना अभियानी परोपकारी भोर नामक संस्था, नेपाल राष्ट्रिय मुसहर सघं, जय श्री दिनाराम भद्री सदा सेवा समाज, सप्तरी नेपाल, दिनाभद्री बास्केट फण्ड, अन्तर्राष्टिय मुसहर भुईया विकास समिती तथा हनुमाननगर नगरपालिका नपा–२ सकरदही, नहरटोल, मेघरौन बासीको संयुक्त आयोजनामा मनाएको थियो ।

सबैभन्दा अन्तिम पिधमा रहेको मुसहर समुदाय समृद्ध भए, नेपाल समृद्ध हुने, शिक्षा, आर्थिक र राजैतिक रुपले अगाडी बढनुपर्ने साथै दलित समुदायको हत्या र बलात्कार हुदाँ त्यसको विरोध हजारौ हजार दलित समुदायले गरे पनि सघीय सरकारले केही नगरेको आरोप चन्देश्वर सदाले लगाउनु भएको थियो भने, मुसहर समुदायको गौरव साँस्कृति, पहिचान, सम्बन्ध र समस्यालाई अनरर्राष्ट्रिय स्तरमा स्थापित गरी दिनाभद्रीलाई राष्ट्रिय विभुतिको रुपमा घोषणा गर्नुपर्ने कुरा डा. हुलेश माझीले भनेका थिए भने भुमिको राजा मुसहर कसरी आज भुमिहिन भयो भन्ने कुरा लगायत मुसहर जातिको परिर्वतनक शिक्षा र आर्थिक पार्जन नै रहेको कुरा पुर्व सासद असर्फी सदाले बताएका थिए, भने मुसहर समुदायको शिक्षा, जग्गा, आबास, स्वास्थय, राजनैतिक सहभागीता, कामको अवसर दिनुपर्नेमा सरकार लगायत गैरसरकारी संस्थाहरुले काम गर्नुपर्ने कुरा रामस्वरुप सदा, बद्री सदा, ललकु सदा, रामपुकार महरा, गगां सदा, सलिता सदाहरु ज्यूले भनेका थिए ।

दिनाभद्री (भुईया महराज) मुसहर कुलमा जन्मेको भए पनि उहाहरुले सर्म्पुण समाजको हितको लागी काम गरेका थिए । श्रम शोषक, अन्यायी, अत्याचारी कनक सिहं धामी तथा नवनबेली दुल्हनको डोलीलाई कब्जा गरी जवरजस्ती एक रात शारीरिक सम्वन्ध राख्ने अत्याचारी, सामन्ती जोरावार सिहं लगायत एक सय एक्कावन जना शोषक, अन्यायी , अच्याचारी, सामन्ती सित लडी जित प्राप्त गरेका थिए जस्को गुनगान नेपालमा मात्र नभएर छिमेकी देश भारत, बगांलमा पनि चर्चा रहेकोले त्यसअनुरुप पनि अन्तर्राष्ट्रिय भुईया दिवस मनाइएको बताए ।


## कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरुले निम्न उपायहरुको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**खानेपानी तथा उर्जा विकास मन्त्रालय**

**मधेश प्रदेश, धनुषा**



## कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरुले निम्न उपायहरुको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।



**सामाजिक विकास मन्त्रालय**

**मधेश प्रदेश, धनुषा**



## कोरोना भाइरस संक्रमणसम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरुले निम्न उपायहरुको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।



**महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय**

**मधेश प्रदेश, धनुषा**

## नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

## यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

## यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# चिनियाँ ऋणले झन् ठूलो संकटमा फस्दै श्रीलंका

काठमाडौं । चीनको ‘पब्लिक इन्भेस्टमेन्ट प्रोजेक्ट’ ऋणी देशका लागि मन्द विष बनेको छ ।

ऋण लिने देशका लागि सुरुवाती दिनमा एकदमै मीठो लागे पनि बिस्तारै यसले त्यहाँको अर्थतन्त्र तहसनहस पारेका दृष्टान्त धेरै पाउन सकिन्छ ।

सन् २०१७ मा श्रीलङ्काको हम्बन्टोटा बन्दरगाह ९९ वर्षका लागि चीनलाई उपलब्ध गराइएको थियो । यो बन्दरगाह १.१२ अर्ब अमेरिकी डलरमा दिइएको हो । एक दशकअघि चिनियाँ ऋणका कारण सङ्कटबाट गुज्रिएको श्रीलङ्का यसरी मारमा परेको छ कि, आफ्नो सम्पत्ति दिएर पनि सहजै पार पाउन नसक्ने चङ्गुलमा फसिसकेको छ ।

चीनको सुरुवाती सम्झौतापछि श्रीलङ्काको विश्वव्यापी आलोचना भएको थियो । अहिले त्यहाँका नागरिकले यसको असर भोगिरहेका छन् । एकातिर राष्ट्रिय स्वाधीनतामा आँच आएको महसुस त्यहाँका नागरिकलाई भएको छ भने अर्कातिर हरेक सम्झौताको चिनियाँ पक्षले पूर्ण रूपमा लाभ लिएको छ । प्रशान्त महासागरीय क्षेत्रमा राजनीतिक हस्तक्षेप गर्ने चीनको योजनामा सहयोगी भएको भन्दै अन्य छिमेकीको श्रीलङ्काप्रतिको गुनासो पनि त्यत्तिकै छ ।

सन् २००७ देखि सन् २०१६ का बीचमा श्रीलङ्काले बारम्बार चीनसँग ऋण लिँदै यो बन्दरगाह बनाउँदै आएको थियो । यसरी बनाउने क्रममा एक्जीम बैङ्कले ऋण उपलब्ध गराएको थियो । यो ऋणको शैली र सम्झौता नै यस्तो थियो कि, सहजै तिर्न कठिन थियो । यसै कारण चीनले श्रीलङ्कालाई प्रभावमा पारेर सन् २०१७ मा त्यो टापु लामो समयका लागि हडप्न सफल भएको हो ।

श्रीलङ्का मात्र होइन, जिबाउटी, किर्गिस्तान, लाओस्, माल्दीभ्स, मङ्गोलिया, मन्टेनेग्रो, पाकिस्तान र ताजकीस्तान चीनको निशानामा रहेका अन्य देश हुन् । यी सबै देशमा चीनले ऋण लगानी गरेको छ । यी कुनै पनि देशमा चीनले आफ्नो प्रतिकुल सम्झौता गरेको छैन । यी सम्झौताकै कारण सबै देशका प्राकृतिक स्रोत साधन समेत जोखिममा परेका छन् ।

बेल्ट रोडका लागि यी देशमा उपलब्ध गराइएको ऋणले कुनै पनि समय यी देशको आर्थिक अवस्था तहसनहस हुने अर्थविद्हरूले पहिले नै घोषणा गरिसकेका थिए । चीनसँग ऋण लिएसँगै यी देशहरूको अवस्था दिनानुदिन खराब बन्दै गएको विवरणहरू पनि सार्वजनिक भएका छन् ।

यति मात्र होइन, आर्थिक दुरावस्थाका साथमा नागरिकमा बढ्दो असन्तुष्टिकै कारण त्यसको सम्प्रभुतामाथि नै आँच आउने त होइन ? भन्ने पनि धेरैमा आशंका हुन थालेको छ ।

चीनले ऋण उपलब्ध गराइएका देशमध्ये अहिले छरपस्ट अवस्था भएको देश भने श्रीलङ्का नै हो ।

अभाव र महँगी त्यहाँका समस्या बनेका छन् । त्यस अत्यासलाग्दो अवस्थाका माझ नागरिकमा अभिभावकविहीन भएको आभास हुन थालेको छ । देश छाडेर विदेश जानेहरूको भीड बढेको छ ।

चरम गरीबीको अवस्थालाई नियालिरहेका अन्तर्राष्ट्रिय प्रतिनिधि तथा कूटनीतिक मिसनले पनि त्यहाँको अवस्था हेरिरहेका छन् । अहिलेसम्म अन्तर्राष्ट्रिय निकायले कुनै प्रतिक्रिया जनाएका छैनन् ।

खाद्यान्न, ग्यास र औषधीजस्ता अति आवश्यक कुराको अभाव हुँदा प्रधानमन्त्री महिन्द्रा राजापाक्षेले यसलाई अझै सम्बोधन गर्न सकेका छैनन् ।

सेनालाई आपतकालीन रूपमा उद्धार तथा राहत वितरणमा खटाउने निर्णयबाहेक सरकारले केही पनि कदम चालेको छैन । श्रीलङ्का मात्र होइन, चीनबाट ऋण लिने अन्य देशको हालत पनि त्यत्तिकै खराब छ । ऋण लिएका र नलिएका दुवै खाले एसियाली छिमेकी देशमा जबरजस्ती त्यहाँको अर्थतन्त्रमा आफ्नो प्रभाव देखाउने खोज्ने चिनियाँ नीति यत्रतत्र देख्न सकिन्छ ।

चीनको यसै खाले नीतिका कारण काजकिस्तानमा बारम्बार चीनविरोधी प्रदर्शन बढिरहेका छन् । चीनले त्यहाँको बजारमा मात्र होइन ,संस्कृतिलाई नै विस्थापित गर्ने जोखिम बढेको छ ।

गत सेप्टेम्बरमा झानो झेनमा यस्तै विरोध प्रदर्शन भएको थियो । सबैभन्दा धेरै तेल उत्पादन हुने यो शहरमा चीनबाट ५५ वटा कारखाना सर्ने हल्ला चलेसँगै त्यहाँका बासिन्दा विद्रोहमा उत्रेका थिए । झानो झेनमा भएको यो विद्रोहमा अन्य शहरका बासिन्दाले पनि उत्तिकै साथ दिएका थिए । राजधानी अस्टाना र दोस्रो ठुलो सहर अल्माटाइमा पनि चीनविरोधी प्रदर्शन भएको थियो । लगानीसँगै चिनियाँ अधिकारीको बढ्दो उपस्थितिका कारण कतै आफ्नो देशको सार्वभौमिकतामा नै आँच आउने त होइन भन्ने चिन्ता नागरिकमा देखिन थालेको छ ।

चीनबाट लिएको यसै खाले ऋण तिर्न पाकिस्तानलाई पनि समस्या भएको छ । पाकिस्तान पनि थप सङ्कटमा पर्न थालेको समाचार प्रकाशमा आउन थालेका छन् । पाकिस्तानको ऋण १४ अर्ब अमेरिकी डलर छ । त्यसमध्ये आधा ऋण चिनियाँ कमर्सियल बैंकको छ । यसमध्ये धेरै बेल्ट एन्ड रोड इनिसेटिभका नाममा लिइएका ऋण छन् ।

त्यहाँको अवस्थालाई नियालिरहेका विज्ञहरू के कुरामा सहमत भइसकेका छन् भने अब पाकिस्तानको रिजर्भ बैंकले नीति बनाउन पनि चिनियाँ अनुमति लिन आवश्यक समय आइसकेको छ । सन् २०२१ कै विश्व बैङ्को रिपोर्ट अनुसार पाकिस्तानको अवस्था श्रीलङ्काको जस्तो खराब भइसकेको छैन ।

पाकिस्तानको दक्षिणी भूभागमा रहेको यस बन्दरगाहको निर्माण कार्य चीनकै ऋणमा भइरहेको छ । यसबाट चीनले आफूलाई एसिया प्रशान्त हुँदै युरोपेली देशमा समेत बजार विस्तार गर्नेछ । सुरुवाती रकम चीनको देखिए पनि ऋणका कारण पाकिस्तानी लगानीमा चिनियाँ लाभ हुने देखिएको छ ।

पछिल्लो तथ्याङ्क अनुसार ४० देश चीनको यसै नीतिको मारमा परेका छन् । जीबाउटी, लाओस, जाम्बीया र किर्गिस्तानजस्ता देशको ऋण उनीहरूको कुल गार्हस्थ्य उत्पादनको आधारमा कम्तीमा २० प्रतिशत छ ।

यी धेरै ऋण चीनसँग सम्बन्धित परियोजनामा खर्च गरिएका छन् । चिनियाँ नीति भनेको ती देशमा ऋण दिने , त्यसअनुसार आफ्नै अनुकूल संरचना तयार गर्ने, ती संरचनामा आफ्नै व्यापार गर्ने र ती देशबाट ऋण असुल्ने भएको स्पष्ट देखिएको छ ।

यसरी ऋण तिर्न कुनै देशलाई कठिनाइ भए श्रीलङ्कामा बन्दरगाह हडपेजस्तो हडप्ने नीतिको पश्चिमा देशहरूले चर्को आलोचना गरेका छन् ।

# चीनमा विश्वसनीयतामा ठूलो समस्या

काठमाडौं । यो घटना एउटा उदाहरण मात्र हो जसले जनवादी गणतन्त्र चीन ( पीआरसी) को विश्वसनीयता कत्तिको खराब छ भनेर देखाउँछ ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीसीपी) को लागि, यो एक समस्या हो जुन खेलकुदभन्दा परसम्म फैलिएको छ ।

पीआरसीले २१औं शताब्दीको लोकतन्त्र सिर्जना गरेको दाबी गर्दछ। बेइजिङको प्रोपोगाण्डा अनुसार संयुक्त राज्य अमेरिका र युरोपमा उदारवादी लोकतन्त्रलाई प्राविधिक, अधिनायकवादी लोकतन्त्रले प्रतिस्थापन गर्दैछ । तर, अमेरिकाले भने कुशलतापूर्वक र तथ्यांकको आधारमा समृद्धि र सुरक्षा सिर्जना गर्दछ ।

सीसीपीले चीनमा सार्वजनिक सूचनाको पहुँचमा समेत प्रतिबन्ध लगाएको छ । वास्तविकतालाई चिनियाँ शासन अनुकूल बंग्याएर, तोडमोड गरेर पस्किने गरिएको छ । सीसीपीले मिडियालाई नियन्त्रण गरेको छ भने कठोर सेन्सरशिपमार्फत सीसीपीको तर्फबाट पोस्ट, लाइक, सेयर गर्ने निजामती कर्मचारीहरूको फौजदारी अभियोग लगाउने गरिएको छ ।

सामाजिक सञ्जालहरू जस्तै विबो, विच्याट र अन्य आउटलेटहरूमार्फत जुन विशेष रूपमा घरेलु बजारको लागि सिर्जना गरिएको थियो र कडा रूपमा नियन्त्रण गरिन्छ । यस दबंग नियन्त्रणको परिणाम स्वरूप, पेंग शुआइको पोस्टिङ केही समयमै उनलाई नै बेपत्ता पारिएको छ । यस्तो होइन कि सेन्सरशिपले धेरै आक्रोश पैदा गऱ्यो ।

चीनमा, यो मीटू मामिला मात्र एक मुद्दा होइन । पार्टीले अर्थतन्त्र र अदालतलाई मात्र होइन विज्ञान र शिक्षालाई पनि नियन्त्रण गर्छ ।

अन्ततः जीवनका सबै क्षेत्रहरूलाई अन्तिम विवरणसम्म अनुगमन गरिन्छ । नतिजाको रूपमा, सीसीपीले चिनियाँ नागरिकहरू विरुद्ध कार्य गर्दछ। यसले सयौं हजारौं मुस्लिम उइघुरहरूलाई शिविरहरूमा पुनःशिक्षाको नाममा नियन्त्रणमा लिएर यातना दिइरहेको छ । सीसीपीले हङकङमा प्रजातन्त्र आन्दोलनलाई मौन बनाउन प्रहरी बल र कानुनी माध्यमहरू प्रयोग गरेको छ ।

एक साँचो लोकतन्त्रको विपरीत, जसमा शक्ति पृथकीकरणको सिद्धान्तले विभिन्न राज्यका अंगहरू एकअर्कालाई जाँच्ने र सन्तुलनमा राख्ने कुरा सुनिश्चित गर्दछ र जहाँ चुनावले वास्तविक छनौट प्रदान गर्दछ । तर चीनमा एउटा मात्र सर्वोच्च अधिकारवाला निकाय छ, त्यो हो सीसीपीको पोलिटब्युरो । जसमा सीको नेतृत्वमा १.४ बिलियन जनताको भाग्य तय हुन्छ । बढ्दो अविश्वास पार्टीको प्रचुर शक्ति र वास्तविक नियन्त्रणको कमीको परिणाम हो ।

पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### नक्कली मोबिल बिक्री गर्ने २ जना पक्राउ

रौतहट । नक्कली मोबिल बनाई विक्री गरेको अभियोगमा राजदेवी नगरपालिका-९ बस्ने २८ वर्षीय राणा रौशन सिंह र ४२ वर्षीय हरेन्द्र कुमार सिंहलाई प्रहरीले पक्राउ गरेको छ । गौर नगरपालिका-५ ब्रहर्वा पुल नजिक राणा रौशन सिंहको जय शिव शक्ति अटोमोबाईल पसल र सो पसल नजिक गोदाममा विभिन्न कम्पनीको लोगो प्रयोग गरी झुक्यानमा पारी बाहिरबाट सो कम्पनीको मोबिल तथा मोटरसाईकलका पार्टसहरु ल्याई भण्डारण गरी कालो बजारी गरेको भन्ने सूचनाका अधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूको पसल तथा गोदामबाट प्रहरीले ३ हजार बट्टा मोबिल, २ सय लिटरका २ ड्रम खुल्ला मोबिल र ९ वटा खाली ड्रम बरामद गरेको छ ।

### कोरोनाको ‘हटस्पट’ बन्दै पर्सा

वीरगन्ज । पर्सा जिल्लामा कोरोना विरुद्धको ‘बुस्टर डोज’ खोप लगाउने अभियान अन्यौलमा परेको छ । आइतबारदेखि देशैभर कोरोनाविरुद्धको ‘बुस्टर डोज’ खोप लगाउने कार्यक्रम सुरु गरिए पनि पर्सामा अन्योलमा परेको छ । पर्सामा पछिल्लो सातादेखि कोरोना संक्रमण दर ह्वात्तै बढ्दै गएको छ । तर, स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साह विगत ४ दिनदेखि जनकपुर गएका छन् । जसका कारण ‘बुस्टर डोज’ कार्यक्रम सुरु हुन नसकेको हो । स्वास्थ्य मन्त्रालयले आइतबारदेखि देशभर बुस्टर डोज खोप लगाउने कार्यक्रम सुरु गरेको भएपनि कोरोना संक्रमणको हटस्पट बन्दै गएको पर्सामा भने बुस्टर डोज खोप कार्यक्रम कहिलेदेखि सुरु गर्ने भन्ने विषय नै अन्यौलमा रहेको स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्यकर्मीले बताए । स्वास्थ्य कार्यालय पर्साले बुस्टर डोज खोप कार्यक्रम सञ्चालनका लागि अहिलेसम्म कुनै सुरसार नभएको जनाएको छ । पर्सामा खोप लगाउन योग्य जनसंख्या ४ लाख ७५ हजार रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । ती मध्ये हालसम्म पूर्ण डोज खोप ४३ प्रतिशत अर्थात् २ लाख ३ हजार ५ सय २२ जनाले लगाएका छन् भने एक मात्र डोज लगाउनेको संख्या ५५ प्रतिशत अर्थात् २ लाख ५५ हजार ३१ जना रहेको छ ।

### लुटपाटमा संलग्न ५ जना पक्राउ

धनुषा । बटेश्वर गाउँपालिका-४ राम्रोचोकबाट महोत्तरी भंगाहा नगरपालिका-७ गोराना बस्ने अमित कुमार पासवानको साथबाट ४५ हजार भारतीय रुपैयाँ र १ थान मोबाइल लुटपाट गरेको घटनामा संलग्न रहेको अभियोगमा ५ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बटेश्वर गाउँपालिका-४ बस्ने २७ वर्षीय जिवन ठाकुर, २३ वर्षीय चन्द्रदेव यादव, २६ वर्षीय कम्लेश यादव, ३२ वर्षीय रामबाबु यादव र २६ वर्षीय नरेश रवि दास रहेका छन् । जिवन लगायत ४/५ जना व्यक्तिहरुले भारतबाट काम गरी घरतर्फ जाँदै गरेका अमित कुमारको साथबाट उक्त धनमाल लुटपाट गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बटेश्वरबाट खटिएको प्रहरीले लुटपाटमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो । साथै उनीहरुलाई नियन्त्रणमा लिने क्रममा घाइते भएका १ जना प्रहरी कर्मचारीको स्थानिय मेडिकल हुँदै थप उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकोमा उनको उपचार पश्चात डिस्चार्ज भएका छन् ।

### भूकम्प दिवस सम्पन्न

अजय कुमार सिंह, जनकपुर । २४ औ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा भूकम्पीय सचेतना सुरक्षित संरचना सहितको मूल नाराका साथ धनुषा, महोत्तरी र सर्लाहीका प्राविधिकहरुको एकदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । सहरी विकास तथा भवण निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई धनुषाको आयोजनामा संघीय आयोजना कार्यान्वयन इकाई धनुषाको सभाहलमा सम्पन्न भएको सो कार्यक्रममा भुकम्पीय सम्बन्धी विभिन्न प्रयोगहरुका बारेमा ईन्जिनियर कुन्दन कर्णले आफ्नो प्रस्तुती गर्दै भुकम्पबाट जोगिनका लागि हामीले निर्माण गर्ने संरचनाहरुमा ३ तल्लाको धर निर्माण गर्दा M20, ३ तल्ला भन्दा माथिको घरमा M25 र घरको पिलरमा कम्तिमा ८ ओटा रडको प्रयोग अनिर्वाय रुपमा गर्नु पर्ने लगाउतका बारेमा उनले सो कार्यक्रमा बताएका थिए । कार्यक्रममा प्राविधिक गौरी पण्डित, राजेश कुशवाहा, मनोज मण्डल लगायतका व्यक्तिहरुले आफ्नो धारणा राखेका थिए । कार्यक्रमा संघीय आयोजना कार्यान्वयन इकाई धनुषाको नि. आयोजना प्रमुख इं घनश्याम ठाकुरको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### ब्राउनसुगर र नगदसहित तीन पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ ट्राफिक चोकबाट १ ग्राम ५ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर र नगद ८४ हजार रुपैयाँ सहित ३ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-५ बस्ने ३० वर्षीय दोर्ण बहादुर रावल, सोही उपमहानगरपालिका-२ बस्ने २९ वर्षीय टेक बिष्ट र सोही उपमहानगरपालिका-४ बस्ने ३० वर्षीय मनिष भण्डारी रहेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले सोही ठाउँस्थित रावलले संचालन गरेको ग्लोबल मोवाईल ग्यालरीभित्र उक्त लागूऔषध कारोबार गरिरहेको अवस्थामा फेला पारी उनीहरुले प्रयोग गरेको भे.११ प ७५७६ र से.७ प ७२०६ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको हो ।

### कपिलवस्तुमा मनाइयो बलिदानी दिवस

कपिलवस्तु । मधेश आन्दोलनका शहीदहरुको सम्झनामा माघ ५ गते मनाइने बलिदानी दिवस कपिलबस्तुमा बुधबार औपचारिक कार्यक्रम गरी मनाइएको छ । मधेश आन्दोलनको समयमा सहादत प्राप्त गरेका शहिदहरूको स्मरणमा मनाइएको बलिदानी दिवस बुधवार लोकतान्त्रिक समाजवादी पार्टीको आयोजनामा मनाइएको हो । ‘स्वायत्त मधेश एक प्रदेश’ र अधिकार प्राप्तिका लागि १५ वर्ष अगाडि मधेशी जनता तथा मधेसवादी दलहरूले गरेको आन्दोलनमा शहिदहरुको स्मरण गर्दै जहिलेसम्म स्वायत्तमधेश प्रदेश घोषणा नभएसम्म आन्दोलन जारी रहने लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रिय सदस्य रबिदत्त मिश्रले बताए । कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी जनताको अधिकारको रक्षाको निमित्त सदैब संघर्षमा रहेन उल्लेख गर्दै जिल्ला अध्यक्ष कैलाश अग्रहरीले जनताको बलिदानी बाट प्राप्त लोकतन्त्रलाई पार्टीले कुनै पनि हालतमा समाप्त हुन नदिने प्रतिबद्धता समेत व्यक्त गरे । लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रिय सदस्य सन्तराम गुप्ता लगायत पार्टीका बिभिन्न नेताहरुले शहिदहरुलाई श्रद्धाञ्जली दिएका थिए । लोकतान्त्रिक समाजवादी पार्टीका जिल्ला अध्यक्ष कैलाश अग्रहरीको अध्यक्षता र जिल्ला पर्यवेक्षक मधुसुदन शरण चौधरीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

### प्रदेश सरकारद्वारा दुई नियमावली स्वीकृत

जनकपुरधाम । प्रदेश २ सरकारको मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले महेन्द्र नारायण निधि विपन्न आवास योजना, कार्यान्वयन कार्यविधि र दलित सशक्तिकरण नियामावली स्वीकृत गरेको छ । महेन्द्र नारायण निधि विपन्न आवास योजना २०६८ स्वीकृत भएपछि प्रदेश २ मा ६ सय १० विपन्न परिवारले आवास पाउने भएको हो । उक्त कार्यक्रम अन्तर्गत आठ ओटै जिल्लाको प्रत्येक विधान क्षेत्रमा १० परिवारको घर निर्माण गरिने छ । असहाय र विपन्न एकल महिला, कुनै पनि जात वर्गका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाती, अनाथ बालबालिका, अशक्त वृद्धवृद्धालाई प्राथमिकताको आधारमा आवासको व्यवस्था गरिने छ । प्रति आवास कुल पाँच लाख रुपैयाँमा प्लाष्टरसहितको छाना भएको दुई कोठा, एक भान्छा घर र एक शौचालय रहने छन् । आवास निर्माणको प्रक्रिया द्रूत गतिमा अगाडि बढाईने छ । मुख्ममन्त्री मो.लालबाबु राउत गद्दीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले दलित सशक्तिकरण नियामावली २०६८ स्वीकृत गरेपछि केही महिना अघि प्रदेश सरकारले गठन गरेको दलित सशक्तिकरण बोर्डलाई आफ्ना कामकार्वाही अगाडि बढाउन सहज हुने अर्थमन्त्री एवं सरकारका प्रवक्ता शैलेन्द्र प्रसादले जनाएका छन् ।

# कैलालीको सीमामै कोरोना परीक्षण र खोप

कैलाली । भारतमा कोरोनाको सङ्क्रमण बढ्दै गएपछि भारतसित जोडिएको कैलालीको दक्षिण-पूर्वी नाका सत्ती भन्सार हुँदै नेपाल प्रवेश गर्नेको सङ्ख्यामा वृद्धि भएको छ । कामको सिलसिलामा भारत गएका नेपाली कोरोना जोखिम बढेसँगै घर फर्किन थालेपछि स्थानीयमा त्रास बढेको छ ।

भारतमा दैनिक सङ्क्रमणदर बढ्दै जाँदा नागरिक विगत वर्षमा जस्तो बन्दाबन्दी हुने हो कि भन्दै घर फर्किन थालेका छन् ।

अहिले सत्ती भन्सारबाट दैनिक सयौँ नागरिक घर फर्किन थालेका छन् । खक्रौला हेल्थ डेस्कका प्रमुख मकेन्द्र रोकायाका अनुसार माघीको एक-दुई दिन अगाडिसम्म दैनिक ५०० भन्दा बढी नेपाली सत्ती नाकाबाट प्रवेश गरेका छन् भने अहिले पनि सोही सङ्ख्यामा नेपाली स्वदेश फर्किरहेका छन् ।

उनले भारतबाट नेपाल आउने नागरिकलाई विशेष निगरानीमा राख्ने गरिएको बताए । शङ्कास्पद व्यक्तिको एन्टिजेट परीक्षण गर्ने र खोप नलगाएकालाई सीमामै खोप लगाएर पठाउने गरिएको छ । 'कोरोना परीक्षण गर्ने गरेका छौँ, परीक्षणका क्रममा कसैलाई पोजेटिभ देखिए टीकापुर अस्पतालबाट एम्बुलेन्स मगाएर टीकापुरमै होल्डिङ सेन्टरमा राख्ने गरेका छौँ', रोकायाले भने, 'भारतबाट आउने वा भारत जाने नागरिकका लागि खोपकार्ड अनिवार्य गरेका छौँ, खोप नलगाएकालाई लगाएर पठाउने गरेका छौँ ।'

सुदूरपश्चिम प्रदेशका प्रमुख प्रतिपक्षी दलका नेता डा रणबहादुर रावलले कोरोनाको सङ्क्रमण बढ्न थालेको अवस्थामा सीमानाकामा कडाइ गरिनुपर्ने बताए । सत्ती भन्सार कार्यालयस्थित हेल्थ डेस्कको अवस्थाबारे जानकारी लिन पुरेका उनले भारतबाट आउने नेपाली नागरिकको सीमा क्षेत्रमै कोरोना परीक्षण तथा खोप नलगाएकालाई खोपको व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

'पहिलेभन्दा अहिलेको सङ्क्रमणदर उच्च छ, सबैले स्वास्थ्य सावधानी अपनाउन सकेमात्रै हामी कोरोना सङ्क्रमणको जोखिमबाट सुरक्षित हुन सक्छौँ, सीमानाकामा सावधानी अपनाउन आवश्यक छ । भारतबाट आउनेलाई सीमामै निगरानी गन सके सङ्क्रमण गाउँगाउँमा फैलिने जोखिम कम गर्न सकिन्छ',रावलले भने ।

टीकापुर नगरपालिका जनस्वास्थ्य प्रवर्द्धन उपशाखा प्रमुख बलबहादुर रावलले सत्ती भन्सारबाट नेपाल प्रवेश गर्ने नागरिकका लागि नगरपालिकाले विशेष सावधानी अपनाएको बताए । उनले नागरिकको आगमन चापलाई हेरेर हेल्थ डेस्कमा तीन स्वास्थ्यकर्मी खटाइएको बताए। 'दैनिक बिहान ६ देखि साँझ ६ बजेसम्म हेल्थ डेस्कबाट सेवा प्रवाह हुँदै आएको छ । भारतबाट आउने तथा जानेको तथ्याङ्क राख्ने गरेका छौँ ।' खुला सीमा क्षेत्रबाट प्रवेश गर्ने नागरिकलाई सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरीले निगरानी गर्ने गरेका छन् । 'कोरोना जोखिम कम गर्न प्रयासरत छौँ', रावलले भने ।

# ओलम्पिकअघि चीनमा हुने सबै उडानमा प्रतिबन्ध लगाउने अमेरिकाको तयारी

काठमाडौं । अमेरिकाले शीतकालीन ओलम्पिकअघि चीनमा हुने सबै उडानमा प्रतिबन्ध लगाउने तयारी गरेको छ । अमेरिकाले जनवरी १९ देखि चीनका लागि हुने सबै व्यावसायिक उडानमा प्रतिबन्ध लगाउने तयारी गरेको हो ।

बेइजिङ शीतकालीन ओलम्पिकअघि बेइजिङका लागि कुनै पनि व्यावसायिक उडान नहुने सम्भावना बढेको समाचार संस्था सीएनएनले जनाएको छ । बेइजिङ शीतकालीन ओलम्पिक आउँदो फेब्रुअरी ४ देखि सुरु हुँदैछ । बेइजिङले कोरोना सङक्रमण जोखिमलाई लिएर स्वास्थ्यका मापदण्ड लागू गरेको छ । अहिले ओलम्पिकमा सहभागी हुनेहरुले अहिले विशेष उडानहरू लिइरहेका छन् ।

गएको जुनदेखि चीनको नागरिक उड्डयन प्रशासनले अन्तर्राष्ट्रिय उडानमा 'सर्किट ब्रेकर' नियम लागू गरेको छ । 'सर्किट ब्रेकर' अनुसार यदि पाँच वा बढी यात्रुले चीनमा अवतरण गर्दा जाँचपछि कोरोना परीक्षण पोजेटिभ देखिए उडान दुई हप्ताका लागि स्वचालित रूपमा निलम्बन हुन्छ ।

यदि १० वा बढी यात्रुहरूमा पोजेटिभ देखिएमा निलम्बन अवधि त्यसै अनुसार बढ्छ । यो नियम चिनियाँ र विदेशी एअरलाइन्स दुवैमा समान रूपमा लागू भएको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले गएको अगस्टमा बताउनुभएको थियो ।

# कोरोना नियन्त्रण गर्न सीमानाकामा कडाइ

काठमाडौं । कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको जोखिम बढेसँगै मधेश प्रदेश का भारतीय सीमानाकामा कडाइ गरिएको छ । छिमेकी राष्ट्र भारतमा दैनिक हजारौंको संख्यामा संक्रमित देखा परेपछि त्यसको असर नेपालमा पर्न सक्ने भन्दै सुरक्षा निकायहरूले सीमानाकामा कडाइ गरेका हुन् । प्रत्येक नाकामा हेल्प डेस्क राखेर एन्टिजेनलगायतका प्रविधिबाट कोरोना पहिचान गर्ने र पोजेटिभ देखिए तत्काल स्वास्थ्य चौकीमा पठाइने गरेको सशस्त्र प्रहरी बल मधेश प्रदेशका प्रमुख गणेश ठाडामगरले जानकारी दिए । अहिले प्रहरी कै सक्रियतामा स्थानीय सरकार र प्रमुख जिल्ला अधिकारीहरूको सहजिकरणमा पालिकाहरूमा हेल्प डेस्कसमेत सञ्चालन भैइरहेको छ । मधेश प्रदेशको बाराबाहेकका सबै जिल्लामा भन्सार कार्यालय छन् भने करिब चार सय ६४ किलोमिटरमा भारतसँग खुला सीमा जोडिएको छ । ओमिक्रोन भाइरसको जोखिम बढनुका साथै संक्रमितहरू समेत दैनिक वृद्धि हुनुले नेपाल पनि यसको 'हटस्पट' बन्न सक्ने विज्ञहरूको चिन्ता छ । डब्लुएचओले समेत सावधानी अपनाउन चेतावनी दिइरहेको बेला नेपालमा सरकारी तवरबाट रोकथामका लागि खासै योजना निर्माण हुन सकेको छैन । सबैभन्दा धेरै भन्सार कार्यालय र खुल्ला नाका मधेश प्रदेश मै छन् । आठ वटा जिल्लामा ३३ वटा भन्सार कार्यालय, चार सय १४ किलोमिटर मुख्य सडक, दुई सय २९ किलोमीटर मोटरबाटो र करिब पाँच सय ५७ ठाउँका गल्लीवाट नेपाल-भारत आवतजावत हुन्छ ।

## 'सीमाबारे भारतको धारणा नेपाललाई जानकारी गराइसक्यौं'

काठमाडौं । भारतले नेपालसँगको सीमा विवादबारे आफ्नो धारणा नेपाल सरकारलाई जानकारी गराइसकेको बताएको छ । साथै संवादका लागि अन्तर सरकारी संयन्त्र उपयुक्त माध्यम भएको समेत उसले बताएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लिपुलेकमा सडक विस्तार गरिरहेको बताएपछि नेपालमा आलोचना भएको छ । सत्तारुढ तथा प्रतिपक्षी दलहरुले भारतसँग कूटनीतिक संवाद गर्न र सडक विस्तार तत्काल रोक्न सरकारलाई आग्रह गरेका छन् । सरकारले भने यसबारे औपचारिक रुपमा बोलेको छैन । काठमाडौंस्थित भारतीय दूतावासले वक्तव्य जारी गर्दै नेपाल भारत सीमाबारे भारत सरकारको धारणा सर्वविदित, स्थिर र प्रष्ट भएको बताएको छ । त्यो धारणा नेपाल सरकारलाई जानकारी गराइसकेको भन्दै भारतीय दूतावासको प्रवक्ताको वक्तव्यमा भनिएको छ, 'हाम्रो विचारमा स्थापित अन्तर सरकारी संयन्त्र र च्यानलहरु नै संवादका लागि उपयुक्त माध्यम हुन् ।' साथै घनिष्ट र मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धको भावनाका आधारमा सीमा सम्बन्धी विषय सम्बोधन गर्न सकिने समेत भारतीय दूतावासले बताएको छ ।

## सीमा क्षेत्रमा हेल्प डेस्क स्थापना

काठमाडौं ।सप्तरीमा कोरोनाभाइरस संक्रमित दिनप्रतिदिन बढ्दै गएको बेला डाक्नेश्वरी नगरपालिकाको पातोमा हेल्थ डेस्क स्थापना गरेर संक्रमण नियन्त्रणको प्रयास थालिएको छ ।सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम र जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादव आफ्नै एन्टिजेन परीक्षण गरेर ट हेल्प डेस्क स्थापना गरेको हो । जिल्लासँग जोडिएको सीमामा कुशाहा छोटी भन्सार कार्यालय सप्तरी नाकाबाट पैदल यात्रुहरूको आवतजावत दिनहुँ हुने गरेपछि यस सीमा क्षेत्रमामा उच्च सतर्कता अपनाउन हेल्प डेक्स स्थापना गरिएको प्रजिअ गौतमले बताए । सप्तरीसँग जोडिएको नेपाल-भारत सीमामा आवतजावत खुला रहेको नाकामा शरीरको तापक्रम नापेर मात्र सर्वसाधारण लाई आवतजावत गर्न दिइएको छ । उच्च तापक्रम तथा कोरोना लक्षण भएका व्यक्तिहरूलाई एन्टिजेन परिक्षण गर्ने गरिएको जानकारी जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताए ।

# आर्थिक समाचार

## हिरो इलेक्ट्रिक स्कुटरको नेपाली बजारमा बिक्री वितरण सुरु



काठमाडौं । भारतमा उत्पादित हिरो इलेक्ट्रिक स्कुटरको नेपालका लागि आधिकारिक विक्रेताको रुपमा लक्ष्मी ई मोबिलिटी प्रा.लि. ( लक्ष्मी ग्रुपको भगिनी संस्था) ले नेपालमा हिरो इलेक्ट्रिक स्कुटरको बिक्री प्रारम्भ गरेको छ । काठमाडौंको टेकुमा अवस्थित पहिलो हिरो इलेक्ट्रिक स्कुटरको शोरुममार्फत यी स्कुटर बिक्री वितरण भइरहेको छ । इलेक्ट्रिक मोबिलिटीलाई प्राथमिक्ता दिने लक्ष्मी ग्रुपको सोच अनुरुप हिरो इलेक्ट्रिक स्कुटरको बिक्री बितरण प्रारम्भ गरेको कम्पनीले जनाएको छ । नेपाली बजारमा एन वाई एक्स, फोटोन र सिंगल ब्याट्री तथा डबल ब्याट्रीसहितको अप्टिमा गरी चार मोडलका इलेक्ट्रिक स्कुटर उपलब्ध गराइएको छ । एक पटक फुल चार्ज गरी ८२ किलोमिटर देखि १६५ किलोमिटर सम्मको रेन्ज दिने यी स्कुटरहरुले भारतमा अति नै राम्रो बजार लिएको र नेपालमा पनि सोही अनुरुपको बजार लिने अपेक्षा गरिएको छ । भारतमा हिरो इलेक्ट्रिकका १२ मोडल उपलब्ध छन् । नेपाली बजारमा हाल चार मोडल उपलब्ध गराइएको र आगामी दिनमा अन्य मोडल समेत क्रमशः उपलब्ध गराउदै ल्याउने योजना रहेको जानकारी कम्पनीले गराएको छ । लक्ष्मी ई मोबिलिटी प्रा.लि. ले काठमाडौंको टेकुमा आ□नो सुविधा सम्पन्न सर्भिस सेन्टर स्थापना गरेको छ । कम्पनीले नेपालभरका इच्छुक पक्षबाट डिलरशिपका लागि समेत आवेदन लिदैंछ । हिरो इलेक्ट्रिक भारतको पहिलो र सबैभन्दा ठूलो इलेक्ट्रिक टु ह्विलर्स स्कुटर निर्माता कम्पनी हो । हिरो इलेक्ट्रिकका हजारौं सन्तुष्ट ग्राहकहरु छन् । हिरो इलेक्ट्रिकले भारतमा इलेक्ट्रिक मोबिलिटी क्षेत्रमा एक दशकभन्दा लामो समयदेखि अग्रस्थान ओगट्दै आइरहेको छ ।

## सीमाको सम्बन्धमा भारतको धारणा यथावत र स्पष्ट छ : दूतावास

काठमाडौं । नेपाल-सीमा समस्याबारे आएका समाचार एवं विज्ञप्तिबारे सोधिएका प्रश्नमा नेपालस्थित भारतीय राजदूतावासका प्रवक्ताले प्रतिक्रिया दिएको छ ।

नेपाल-भारत सीमाका सम्बन्धमा भारत सरकारको धारणा सार्वजनिक रुपमा यथावत् र स्पष्ट रहेको दूतावासले जनाएको हो ।

दुई मुलुकबीच स्थापित अन्तरसरकारी संयन्त्रहरु वार्ता तथा सम्वादका लागि सबैभन्दा उपयुक्त हुन् भन्ने दूतावासको धारणा रहेको बताइएको छ । 'दुई पक्षीबच सुल्झाउन बाँकी रहेका सीमा सम्बन्धी विषयहरुलाई सधैं हाम्रो निकट तथा मैत्री द्विपक्षीय सम्बन्धको मर्मका आधारमा सम्बोधन गर्न सकिन्छ ।' विज्ञप्तिमा भनिएको छ ।

# १५ वर्षे...

मधेश आन्दोलनका क्रममा घाइते भएकाहरुलाई पनि आर्थिक सहयोग उपलब्ध गराइएको छ । घाइतेको अवस्था हेरी २५ हजारदेखि ३ लाखसम्म रकम प्रदान गरिएको हो ।

**खुम्चिएको भूगोल**

प्रदेश २ को नाम अब 'मधेस प्रदेश' भएको छ । प्रदेशसभाको दुईतिहाई बहुमतले मधेस प्रदेश नाम राख्ने निर्णय गरेसँगै यसको समर्थन र विरोधमा क्रिया-प्रतिक्रिया आइरहेका छन् । कतिपयले यो निर्णयको विरोधमा मुख्यमन्त्री र सांसदहरूको पुत्लासमेत दहन गरेका छन् । सत्ता पक्षले चाहिँ मधेशको बिउ जोगाएको दाबी गरेको छ ।

संविधानतः तराईका ८ वटा जिल्लालाई समेटेर बनेको प्रदेश २ लाई 'मधेस' नामकरण गरिएकोमा सिके राउतको जनमत पार्टीले आपत्ति जनाएको छ । त्यसैगरी मधेश आन्दोलनमा क्रियाशील कतिपयले मधेशमा २२ जिल्ला 'मधेश' भएको बताउँदै आठ जिल्लालाई मात्रै मधेश भनिएकोमा गुनासो गरेका छन् । मधेशमा अरू जिल्लालाई पनि समेटिनुपर्ने उनीहरूको माग छ ।

झापादेखि कञ्चनपुरसम्मका जनताले मधेश प्रदेशका लागि आन्दोलन गरेको तर केही दलको षड्यन्त्रपूर्ण निर्णयले आठवटा जिल्लालाई मात्र मधेस प्रदेश बनाएको भन्दै धेरैले यसमा आपत्ति जनाएका छन् ।

यो निर्णयसँगै प्रश्न पनि उठेको छ-'के अब सप्तकोशीपारीका या नारायणीपारिका १२ जिल्लाका मधेशीहरू मधेशी रहेनन् ? मधेश के अब ८ जिल्ला मात्र रह्यो ?'

पहिचानका नाममा तराई मधेसका २२ जिल्लाको अस्तित्वलाई खुम्च्याएर ८ जिल्लामा सिमित गरिएको र सांस्कृतिक पहिचानमा प्रहार भएको गुनासो बुद्धिजीवीहरुको छ । यही विषयलाई लिएर राजनीतिक दलहरुमा पनि असन्तुष्टि चुलिएको छ ।

प्रदेश २ को नाम र राजधानी टुंगो लगाउन यसअघि २०७६ साल चैत ३ गते पहिलो पटक प्रयास भएको थियो । तर प्रदेशसभाको प्रयास सफल भएन । त्यसको २१ महिनापछि मधेश प्रदेश र जनकपुरधामलाई स्थायी राजधानी बनाउने गरी प्रदेशसभाले यो विषय टुंगो लगाएको छ । प्रदेशसभामा रहेका विभिन्न दलका फरक फरक धारणाका बीच गोप्य मतदानका आधारमा यो विषय टुंगो लागेको हो ।

लामो कसरतपछि सार्वभौम प्रदेशसभाको दुई तिहाइ भन्दा धेरै मतले नाम र राजधानी टुंगो लगाए पनि जनस्तरमा विरोध भइरहेको छ । मुख्यमन्त्री लालबाबु राउतकै गृह जिल्ला पर्साको वीरगन्जलाई राजधानी नबनाएको भन्दै विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता मात्र नभइ सत्तापक्षकै सांसद लगायत मन्त्री पनि विरोधमा देखिएका छन् ।

जनकपुरबासीले नामको विषयलाई लिएर असन्तुष्टि जनाएका छन् । २२ जिल्लाको समग्र तराई मधेसलाई ८ जिल्लामा खुम्च्याएर मिथिला र भोजपुराको भाषिक र सांस्कृतिक बहुपहिचान माथि प्रहार भएको आरोप छ ।

प्रदेशसभामा पनि विभिन्न राजनीतिक दलहरुले ऐतिहासिक पहिचान झल्कीने नाम प्रस्ताव गरेका थिए । ती नामका विषयमा प्रदेशसभामा गम्भीर रुपमा छलफलसम्म भएन ।

मधेश प्रदेश नामाकरणपछि यस प्रदेशबाहेकका बासिन्दाले आफूलाई मधेशी भनेर चिनाउन मिल्छ कि मिल्दैन/ ? मधेशका अन्य हिस्सामा 'मधेश' भनिने दाबी रहन्छ कि रहँदैन/ ? मधेशका रैथानेहरू मात्र होइन, नेपालको जुनसुकै भूगोलमा बसाइँसराइ गर्न पुगेकाहरूले आफूलाई मधेशी पहिचानभित्र चिनाउन चाहे त्यो स्वतन्त्रता व्यक्तिविशेषमा निहित रहन्छ/ । पूर्व र पश्चिमका भूभाग जोड्ने मधेश प्रदेशले एउटा राजनीतिक निर्णयका आधारमा टुक्रे प्रदेशको अस्तित्व पाएको छ । मधेश प्रदेशको नाममा मधेशलाई खण्डित बनाइएको हो । मधेश प्रदेश घोषणा हुँदैमा मधेश आन्दोलनका सबै कार्यभार पूरा भएको मानिने छैन । प्रदेशमात्रको घोषणाले मधेशी जनताको चाहना पुरा भएको छैन । यस प्रदेशभित्र बसोबास गरिरहेका गैरमधेशी पहिचानका नागरिकहरूले समेत आफूलाई सुरक्षित र सम्मानित अनुभूति गर्न पाउनुपर्छ/ ।

# विवादको...

आवाज उठेको छ । असन्तुष्ट पक्षले दुई अध्यक्ष बनाउनुपर्ने अडान राख्दै गर्दा यादव समूहले एकल अध्यक्षलाई स्थापित गराउनुपर्ने अडानमा छन् ।

पार्टीमा अध्यक्ष यादवले एकलौटी चलाउन खोजिरहेको बेलामा संघीय परिषद् अध्यक्ष भट्टराईले वैकल्पिक राजनीतिक शक्ति निर्माणको सवाल उठाएका छन् ।

उनले वैकल्पिक राजनीतिक शक्ति निर्माणका लागि व्यक्ति केन्द्रित नभएर विचार र विधि केन्द्रित बनाउन बहस गर्नुपर्ने बताएका छन् ।

**लोसपामा विवाद**

पार्टी गठन भएको ६ महिना नपुग्दै लोसपामा पनि विवाद सतहमा आएको छ । अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोबीच विवाद सुरू भएको छ । पार्टी अध्यक्ष ठाकुरले एकलौटी ढंगले पार्टीका निर्णय गरेको महतो पक्षको आरोप छ।

महत्वपूर्ण निर्णय गर्दासमेत ठाकुरले कार्यकारिणी बैठकमा र शीर्ष नेताहरूसँग छलफल नगरेको महतो पक्षको दाबी छ । लोसपमा ३१ सदस्यीय कार्यकारिणी समिति छ । महतो र शरतसिंह भण्डारी वरिष्ठ नेता छन् । भदौ ९ गते निर्वाचन आयोगबाट पार्टीको मान्यता पाएको दिनदेखि नै कार्यकारिणी बैठक बोलाइएको छैन । ठाकुरसँग विवाद चुलिँदै जाँदा पछिल्लो समय महतोले पार्टी कार्यालयसमेत जान छोडेका छन् ।

महतोले अनामनगरमा रहेको गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रको कार्यालयबाट समानान्तर गतिविधि गर्दै आएका छन् । ठाकुरले लोसपालाई तमोलपाकरण गर्न खोजेको आरोप महतो पक्षले लगाएको छ ।

२०७३ मा राजपा गठन हुनुभन्दा पहिला ठाकुर तराई मधेश लोकतान्त्रिक पार्टी ( तमलोपा)का अध्यक्ष थिए भने महतो सद्भावना पार्टीका अध्यक्ष थिए ।

२०७६ वैशाखमा राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीको एकता भएपछि जसपा बनेको थियो । जसपाबाट टुक्रिएर गत भदौमा लोसपा बनेको हो ।

मधेशका १७ जिल्लामा अध्यक्ष र पर्यवेक्षक तोक्दा ठाकुरले एकलौटी ढंगले गरेको महतो पक्षको आरोप छ । राष्ट्रिय सभाका उम्मेदवार तोक्ने क्रममा समेत ठाकुरले एकलौटी ढंगले निर्णय गरेको महतो पक्षले दाबी गरेको छ । जितेन्द्र सोनललाई प्रदेश २ को अध्यक्ष तोकेकामा महतो पक्ष सबैभन्दा धेरै असन्तुष्ट छ । ठाकुरले एकलौटी ढंगले पार्टीमा निर्णय गरेको र आन्तरिक लोकतन्त्रलाई नस्विकारेको महतो पक्षको टिप्पणी छ ।


**कोभिडबाट सचेत र सतर्क रहौं**

**कोरोना संक्रमणको जोखिम कायमै छ ।**

**यसले कुनैपनि समय महामारीको रूप लिन सक्दछ ।**

**त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं,**

**जमघट तथा भिडभाडमा जाँदा अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं